मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



बिजुलीको सुरक्षित प्रयोग गरौं ।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

सावधानी अपनाऔं, सुरक्षित रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



★ वर्ष : २७ ★ अङ्क : ३०७ ★ ने. सं. ११४६ थिंला थ्व, पञ्चमी ★ मङ्गलबार ★ ९ मङ्सिर, २०८२ ★ November 25, 2025, Tuesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८




इजरायलको पछिल्लो आक्रमण (नोभेम्बर २२) मा परेर घाइते भएका बालबालिकालाई अल-औदा अस्पतालमा ल्याइरहेका मानिसहरू । यो अस्पताल मध्य गाजाको नुसरत शरणार्थी शिविरमा छ । गत अक्टोबर १० गते इजरायल र हमासबिच अमेरिकी मध्यस्थतामा औपचारिक युद्धविराम भए तापनि इजरायलले गाजापट्टीमा हवाई हमला जारी राखेको छ । पश्चिमाहरूले 'गाजा युद्ध' को नाम दिएको भए पनि विज्ञहरू यसलाई संसारको 'कृत्रिम बौद्धिकता प्रयोग गरिएको प्रथम युद्ध' र 'प्रथम प्रत्यक्ष प्रसारित जातिसंहार' भन्दै छन् । यसका साथै इजरायली सेनाले प्यालेस्टिनको पश्चिम किनार क्षेत्रमा रैथाने जनतालाई सफाया गर्ने कार्यलाई तीव्रता दिएको छ । *(स्रोत : एएफपी)*

# दलका नेताहरू फुट र जुटमा केन्द्रित

काठमाडौं, ८ मङ्सिर । जेन-जी आन्दोलनको कारण नेका सम्मिलित एमालेको नेतृत्वमा बनेको सरकार ढलेसँगै देशमा अन्तरिम सरकार गठन भयो । अन्तरिम सरकारले फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन घोषणा गर्‍यो । निर्वाचन घोषणा भएको निर्वाचन आयोगले चुनावी कार्य तालिका सार्वजनिक गर्‍यो । निर्वाचन आयोगको सूचनाअनुसार मङ्सिर १० गतेसम्म निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्नुपर्थ्यो । यतिबेला निर्वाचन आयोगमा दल दर्ता गर्ने समूहको घुइँचो मात्र होइन दलहरू एक आपसमा मिल्ने, एउटा दल छोडेर अर्को दलमा सामेल हुने र दल एकीकरणको सन्दर्भमा चित्त नबुझेका नेता तथा कार्यकर्ताहरू नयाँ दल बनाउने चाँजोपाँजोमा लागेको देखिन्छ ।

पार्टी एकीकरणबाट असन्तुष्ट नेता तथा कार्यकर्ताहरू अर्को पार्टी गठनमा लागेका छन् । समाजवादी पार्टीका बाबुराम भट्टराई, प्रगतिशील राष्ट्रिय अभियानका जनार्दन शर्मा र रास्वपा परित्याग गरेका सन्तोष परियारसमेत रहेको अर्को दल प्रगतिशील लोकतान्त्रिक पार्टी गठन भएको छ । यता अशोक राईको जनता समाजवादी पार्टी, राजेन्द्र महतोको राष्ट्रिय मुक्ति पार्टी नेपाल र रेशमलाल चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी एक नभए पनि एउटै चुनाव चिह्न लिएर प्रतिनिधिसभा निर्वाचनमा भाग लिने सहमति भएको खबर पनि सञ्चारमाध्यममा आएको छ । यही घडीमा अशोक राई नेतृत्वको जसपा नेपालका सङ्घीय परिषद् अध्यक्ष राजेन्द्रप्रसाद श्रेष्ठ, केन्द्रीय उपाध्यक्षद्वय रणध्वज कन्दङ्वा र परशुराम बस्नेत, केन्द्रीय सल्लाहकार दुर्गामणि देवान, केन्द्रीय विज्ञ परिषद्का अध्यक्ष डा. पुष्पराम राजकर्णिकार र केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कृष्णबहादुर घजु जसपा परित्याग गरी नेपाली कम्युनिस्ट पार्टीमा समाहित हुन पुगेका छन् ।

यतिबेला नयाँ दल दर्ताको माहोल मात्र होइन दलका नेताहरू फुट र जुटमा जुटेका छन् । दलका नेताहरू जुटेर पनि फुटेका छन्; फुटेर पनि जुटेका छन् । यस्ता जुट र फुटको चक्र निर्वाचनको बेला बढी देखिएको हुन्छ । पार्टी एकीकरण भएर लामो समय नटिकेको पनि नेपालको राजनीतिक इतिहासमा पाइन्छ । यसअघि एमाले, माओवादी र एकीकृत समाजवादीबिच पार्टी एकीकरण भएकै हो । तर, त्यो टिकेन या फेरि टुक्रा भयो । पार्टी एकीकरण पदकै निम्ति भएको पनि त्यही दलका नेताहरूको अभिमत रहेको छ । पार्टी एकता सिद्धान्त र विचार मिलेर भएको देखिँदैन । पार्टी एकता समाजवादी क्रान्तिको पूर्वाधार तयार गर्न भएको भए जाती नै हुन्छ । पुँजीवादी व्यवस्थाको सरकारमा जाने दलहरूले समाजवादी क्रान्तिका आधारहरू तयार गर्दैनन्; वर्गसङ्घर्षको विरोध गर्ने दलका नेताहरूले देशमा आमूल परिवर्तन गर्दैनन् ।

पार्टीभित्रको आन्तरिक द्वन्द्व एमालेभित्र पनि छ । यही मङ्सिर २७ देखि २९ सम्म एमालेको अधिवेशन हुँदै छ । उक्त अधिवेशनमा एमालेका उपाध्यक्ष ईश्वर पोखरेलले पार्टी अध्यक्षमा उम्मेदवारी दिएर प्रतिस्पर्धा गर्ने तयारी गरेका छन् । अहिले पनि एमालेका नेताहरू युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, योगेश भट्टराई, रघुवीर महासेठहरू पार्टी अध्यक्ष ओलीको विरोधमा छन् । संस्थापनइतर पक्षबाट पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पनि ईश्वर पक्षको भूमिकामा क्रियाशील छन् । सारमा, यतिबेला कम्युनिस्ट भनिने दल र दलका नेताहरू फुट र जुटमा देखिएका छन् ।

हाल निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरूमध्ये कुन कुन दल साँच्चै निर्वाचनको प्रयोजनमा जुट्लान् ? निर्वाचनताका भएका दलमध्ये कुन कुन दलबिच गठबन्धन होला ? दर्ता भएका दलहरू सबै निर्वाचनमा लाग्छ कि लाग्दैन ? निर्वाचन प्रयोजनको निम्ति दर्ता भएका दलहरू निर्वाचन सम्पन्न भएपछि एकपछि अर्को सुकेर जाने हो या दलहरू एकीकृत भएर अघि बढ्ने हो ? त्यो पनि समयले देखाउनेछ ।

दल खोल्न सजिलो होला । तर, दल टिकाउन या निरन्तर चलाउन सजिलो छैन । पार्टीले दलमा आबद्ध नेता तथा कार्यकर्ताहरूलाई सही ढङ्गले परिचालन गर्ला या नगर्ला ? दलमा रहेका

*बाँकी पृष्ठ ८ मा*

# जुम्ला र दैलेखमा नेमकिपाको जनतासँग भेटघाट जारी

जुम्ला, ८ मङ्सिर । जुम्लाको तिला गाउँपालिका वडा नं. ९ स्थित ढेपु गाउँमा सोमबार जनतासँग भेटघाट कार्यक्रम भयो ।

उक्त भेटघाट कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले शिक्षा र स्वास्थ्य सेवा नि:शुल्क हुनुपर्नेमा जोड दिनुभयो ।

समाजमा परिवर्तनको निम्ति बहुमत जनता सचेत र सङ्गठित हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले नेमकिपा समाजवादी प्रचार अभियानमा रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेमकिपा देश र जनताप्रति समर्पित छ । नेमकिपा सिद्धान्त र विचारको राजनीति गर्छ । नेमकिपा कहिले पनि पैसा बाँडेर, झूटा आश्वासन दिएर राजनीति गर्दैन ।"

भेटघाटमा नेमकिपा जुम्लाका जिल्ला अध्यक्ष पूर्णलाल खत्री, नरबहादुर बुढा, पूर्णबहादुर राउतले नेमकिपाको इतिहासबारे जानकारी दिँदै विदेशी हस्तक्षेप स्वीकार्य नहुने बताउनुभयो । स्थानीय जनताले नेमकिपाले सिद्धान्त र विचारको प्रशंसा गर्दै नेमकिपाको झन्डामुनि रहेर राजनीति गर्ने आश्वस्त पारेका थिए ।

त्यस्तै नेमकिपा दैलेखको आयोजनामा माथिल्लो डुङ्गेश्वरमा कार्यकर्ता भेटघाट सम्पन्न भयो ।

भेटघाटमा नेमकिपा केन्द्रीय सचिवालय सदस्य नन्दबहादुर शाहीले नेमकिपाले शासक पार्टीले जस्तो तोडफोड, आगलागीजस्ता अराजक कार्य गर्न कहिले पनि नसिकाएको बताउनुभयो । मानिसको व्यवहारमा सङ्गतले धेरै फरक पार्ने हुँदा सङ्गतमा कार्यकर्ताले ध्यान दिन उहाँले आग्रह गर्नुभयो ।

*बाँकी पृष्ठ ८ मा*


## हार्दिक बधाई



श्री चन्द्रकृष्ण ग्वाछा



श्री श्यामसुन्दर बेकोजु



श्री रत्नप्रसाद कवां

मिति : २०८२/०८/०१ गते काठमाडौं उपत्यका इँट्टा बिक्री डिपो संघको २८ औं वार्षिक साधारणसभा तथा ८ औं अधिवेशनबाट यस समूहका सचिव **श्री चन्द्रकृष्ण ग्वाछा** अध्यक्ष तथा सञ्चालक सदस्य **श्री श्यामसुन्दर बेकोजु** उपाध्यक्ष र सदस्य **श्री रत्नप्रसाद कवां** सञ्चालक सदस्य पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा उहाँहरूलगायत सम्पूर्ण निर्वाचित पदाधिकारीहरूको पूर्ण कार्यकालको सफलताको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछ ।

**समय व्यवसायिक समूह**

भक्तपुर


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

# योमारी उत्सवसम्बन्धी सूचना

ऐतिहासिक एवम् सांस्कृतिक उत्सव योमारी पूर्णिमाको अवसरमा यस नगरपालिकाको आयोजनामा योमारी उत्सव गर्ने जानकारी गराउँदै उत्सवमा योमारी प्रदर्शनी तथा प्रतियोगिता हुने हुँदा इच्छुक व्यक्ति/संस्था/समूहलाई सम्बन्धित वडा कार्यालय वा भ.न.पा. प्रशासन शाखामा कार्यालय समयमा मिति २०८२ मङ्सिर १५ गतेभित्र नाम दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**योमारी उत्सव गर्ने मिति : २०८२ मङ्सिर २० गते, शनिबार**



**सांस्कृतिक र्‍याली सुरू हुने**

**स्थान** : इनाग:, भ.न.पा.१

**समय** : दिनको १:०० बजे

**योमरी उत्सव हुने स्थान** : दत्तात्रय, भ.न.पा.८

**समय** : दिनको २:०० बजे



**योमारी प्रतियोगितासम्बन्धी नियमहरू :**

१) प्रतियोगितामा सहभागी हुन चाहने नगरवासी व्यक्ति, संस्था, समूहले दर्ता शुल्क रु.१००।- तिरी नगरपालिकाको प्रशासन शाखा, ब्यासी वा सम्बन्धित वडा कार्यालयमा मिति २०८२ मङ्सिर १५ गतेभित्र कार्यालय समयमा दर्ता गर्नुपर्ने ।

२) प्रत्येक प्रतियोगी टोलीले न्यूनतम ८ इन्च उचाइको बढीमा ३ वटासम्म योमारी बनाई प्रदर्शन गर्नुपर्ने

३) योमारी बनाउन आवश्यक सामग्रीहरूको व्यवस्था प्रतियोगी आफैले गर्नुपर्ने ।

४) योमारी मौलिक शैलीको हुनुपर्नेछ ।

५) मूल्याङ्कनकर्ताहरूबाट हुने मूल्याङ्कनको आधारमा प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई देहायबमोजिम रकम पुरस्कार प्रदान गरिने छ ।

- प्रथम पुरस्कार - रु. १०,०००/-
- द्वितीय पुरस्कार - रु. ७,५०० /-
- तृतीय पुरस्कार - रु. ५,०००/-
- सान्त्वना पुरस्कार - रु. ३०००/- ( दुई टोलीलाई)



**चीनबाट आयात गरिएका सवारीसाधन**

नेपाल र चीनबिचको सीमा नाका रसुवागढीबाट नेपाल आयात गरेर भोटेकोसी खोला बगरमा पार्किङ गरेर राखिएका सवारीसाधन । आयातकर्ताले बिक्रीको मागअनुसार मात्र सवारीसाधन काठमाडौँ लैजाने गरेका छन् । यी सवारीसाधन गत असार २४ गते ल्हेन्देखोलाको बाढी आउँदा बाढीबाट जोगिएका हुन् ।

*तस्बिर : ज्ञानेन्द्र न्यौपाने/रासस*

# सडकको दुरवस्थाबारे वडाध्यक्ष ह्यौंमिखाद्वारा ध्यानाकर्षण




भक्तपुर, ८ मङ्सिर । भक्तपुर नगरपालिका वडा नं १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाको नेतृत्वमा बेखालदेखि लान्चाफल्चा हुँदै ब्यारेकसम्मको नगरकोट सडक खण्डमा धुलाम्मे र पानी परे हिलाम्मे हुने साथै सडक खाल्डाखुल्डीले गर्दा दुर्घटना र सडक जामसमेत हुने भएकोले स्थानीयवासीहरूसहितको प्रतिनिधिमण्डलले बाटो छिट्टै बनाउनुपर्ने माग राख्दै सडक डिभिजन कार्यालय भक्तपुरका प्रमुख सुमन योगेशको ध्यानाकर्षण गरेको छ ।

वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले उक्त क्षेत्रको बाटोमा पेटी र ढलसहित निर्माण गर्न स्थानीय वडावासीहरूको सहयोगमा विभिन्न सरोकारवाला सङ्घसंस्थामा पहल गरिरहेको बताउनुभयो ।

सडक डिभिजन कार्यालय भक्तपुरका प्रमुख सुमन योगेशले मङ्सिर ९ गतेदेखि अलकत्रासहितको टालटुल गर्ने र थप स्तरोन्नति गर्न मङ्सिर १७ सम्ममा ठेक्का प्रक्रिया अगाडि बढाउन टेन्डर गर्ने र माघ मसान्तदेखि पीचको काम सुरु गरेर फागुन १५ गतेसम्ममा सम्पन्न गर्ने आश्वासन दिनुभयो ।

उक्त डेलिगेसनमा नेमकिपा भजिसका प्रतिनिधि न्हुन्छेभक्त फोँजूले अहिलेसम्मको प्रगतिबारे जानकारी सडक डिभिजन कार्यालय भक्तपुरका प्रमुखले बताउनुपर्ने बताउनुभयो ।

दैनिक हजारौँ सवारी आवतजावत गर्ने सडकमा दिनहुँजस्तो सडक दुर्घटना भइरहेको, सर्वसाधारण बटुवाहरूलाई समेत पैदल यात्रा गर्न जोखिम बढेको र धुलो, हिलो र खाल्डाखुल्डीले गर्दा स्थानीयलाई समस्या परेको कुरा वडा सदस्य कृष्णनारायण दुमरु, स्थानीय सरोज सुवाल र वडा निरीक्षक रामकृष्ण प्रजापतिलगायतले बोल्नुभएको थियो ।

# विद्यालयको सम्पत्ति अवैध भाडामा लगाएको आरोपमा नौ जनाविरूद्ध मुद्दा दायर

काठमाडौँ, ८ मङ्सिर । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कास्कीस्थित राष्ट्रिय माध्यमिक विद्यालयको सार्वजनिक सम्पत्ति निजी बोर्डिङ स्कूललाई अवैध रूपमा भाडामा दिई दुरूपयोग गरेको आरोपमा आइतबार नौ जनाविरूद्ध विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको छ ।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामविक्रम राणा, समितिका पदेन सदस्य पोखरा महानगरपालिका-१ का वडाध्यक्ष शाहारा प्रधानसहित पाँच सदस्यले अञ्जुली आवासीय माध्यमिक विद्यालयलाई सार्वजनिक सम्पत्ति १२ वर्षका लागि अवैध रूपमा भाडामा दिने निर्णय गरेको आरोप छ । उक्त कार्यमा बोर्डिङ स्कूलका सञ्चालक राजु केसी र प्रिन्सिपल सुनिता कुँवर केसी पनि संलग्न रहेको आयोगको ठहर छ ।

विद्यालय व्यवस्थापन समितिले स्थलगत अध्ययन प्रतिवेदनमार्फत पहिलोपटक ३० वर्षका लागि भाडामा दिन सिफारिस गरेको तथा विसं २०८० फागुन २६ गते सदस्यसचिवको अनुपस्थितिमा बसेको बैठकबाट १२ वर्षका लागि भाडामा दिने निर्णय गरिएको आयोगले जनाएको छ । सोही आधारमा त्यही वर्ष फागुन २९ गते दुवै पक्षबिच सम्झौता भई चैत १ गतेदेखि लागु गरिएको थियो ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाको प्रतिवेदन र वडा नं १ का वडाध्यक्षले करार खारेज गर्न दिएको निर्देशनले पनि सम्झौता कानुनविपरीत रहेको पुष्टि भएको आयोगले जनाएको छ ।

सम्झौताअनुरूप विद्यालयको नाम-छाप प्रयोग गरी अञ्जुली आवासीय माध्यमिक विद्यालयबाट रु. १५ लाख २९ हजार ४०८ सङ्कलन गरी सार्वजनिक सम्पत्ति दुरूपयोग गरिएकोले सोही बराबरको बिगोसहित कारबाही माग गर्दै आरोपपत्र दायर गरिएको प्रवक्ता पौडेलले जानकारी दिनुभयो ।

आयोगले विद्यालय व्यवस्थापन समितिलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा गलत प्रतिवेदन उपलब्ध गराएको अभियोगमा दफा १९(२) बमोजिम सजाय माग दाबी गरेको छ । यस्तै, बोर्डिङ स्कुलका सञ्चालक तथा प्रिन्सिपललाई अवैध लाभ लिएकोले मतियारका रूपमा दफा २२ बमोजिम सजाय माग गरिएको छ ।

# सर्वोच्च अदालतमा आगजनी गर्ने पाँच जना पक्राउ

काठमाडौँ, ८ मङ्सिर । जेनजी आन्दोलनको क्रममा सर्वोच्च अदालतमा आगजनी र तोडफोड गर्ने पाँच जनालाई प्रहरीले पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा राजु परियार, कुमार पराजुली, सुशील श्रेष्ठ र ज्योति थापा घतानी रहेको सोमबार आयोजित पत्रकार सम्मेलनमा जिल्ला प्रहरी परिसरका प्रवक्ता पवनकुमार भट्टराईले जानकारी दिनुभयो । प्रहरीले एक जनाको भने पहिचान खुलाएको छैन ।

अदालतमा आगजनी गर्ने अन्य केहीको पहिचान भइसकेको जानकारी दिँदै उहाँले उनीहरूलाई पनि छिट्टै कानुनी दायरामा ल्याइने बताउनुभयो । अदालतमा आगजनी गर्नेमाथि छानबिन गरी कारबाही गर्न सर्वोच्चले परिसरमा जाहेरी दिएको थियो ।

परिसरमा जेनजी आन्दोलनको क्रममा आगजनी, तोडफोड, आपराधिक उपद्रवसँग सम्बन्धित १०४ वटा जाहेरी परेको छ । त्यसमध्ये २२ व्यक्तिगत, ६६ वटा सरकारी कार्यालय र १६ वटा संस्थागत/व्यापारिक प्रतिष्ठानको रहेको परिसरले जनाएको छ ।

आन्दोलनको क्रममा काठमाडौँमा मात्रै ४९ जनाको मृत्यु भएको प्रहरी तथ्याङ्क छ । त्यसमध्ये सात जनाको अझैसम्म पहिचान भएको छैन । सो समयमा हराएका सात जनाको हुलिया प्राप्त भएको प्रहरीले जनाएको छ ।

यसबिचमा विभिन्न कसुरमा १५४ वटा दर्ता भएको, २६७ जनालाई पक्राउ गरिएको, ८७ जना हाजिर जमानीमा छुटेको, ११३ जना हिरासतमा रहेको, ३३ जना धरौटीमा छुटेका छन् भने ४३ जना पुर्पक्षका लागि थुनामा पुगेका छन् ।

# भक्तपुरमा नापतौल डोर कार्यक्रम सम्पन्न, ८४४ व्यवसायी लाभान्वित

भक्तपुर, ९ मङ्सिर । भक्तपुर जिल्लाका उद्योगी, व्यवसायी तथा व्यापारीहरूले प्रयोग गर्दै आएको नापतौलका सामग्रीहरूको नयाँ दर्ता तथा नवीकरणका लागि जिल्लामा सञ्चालित नापतौल डोर कार्यक्रम सोमबार सम्पन्न भएको छ ।

भक्तपुर उद्योग वाणिज्य सङ्घको पहल एवं गुणस्तर तथा नापतौल कार्यालय, त्रिपुरेश्वरको सहयोग तथा जिल्लास्थित नगरपालिका कार्यालयहरूसँगको सहकार्यमा नापतौल डोर कार्यक्रम सञ्चालन भएको हो । जिल्लाका उद्योगी, व्यवसायी तथा व्यापारीहरूले प्रयोग गर्दै आएको नापतौलका सामग्रीहरूको नियमसङ्गत तरिकाले आफूहरूले जाँच गरी नवीकरण तथा नयाँ दर्ता गरिदिएको गुणस्तर तथा नापतौल कार्यालय, त्रिपुरेश्वरबाट खटिएको कर्मचारीहरूको टोलीका प्रमुख पवन चन्दले बताउनुभयो ।



मध्यपुर थिमि नगरपालिकासँग सहकार्य गरी मध्यपुर थिमि नगरपालिकाका तीन स्थानमा कार्यालय राखेर सञ्चालन गरिएको कार्यक्रमबाट २३४ जना जना व्यापारी व्यवसायी लाभान्वित भएका थिए । गत कार्तिक २७ गते मध्यपुर थिमि नपा वडा नं. ३ कार्यालय परिसरबाट ५१ जना, कार्तिक २८ गते नयाँठिमीस्थित यचु पार्टी प्यालेसबाट ९६ जना र कार्तिक ३० गते मिलरोडस्थित ग्ल्याडस्टोन एकेडेमी परिसरबाट ८७ जना व्यापारी, व्यवसायीहरूले आफूले प्रयोग गर्दै आएका नापतौलका सामग्रीहरूको नयाँ दर्ता तथा नवीकरण गराएको सङ्घका कोषाध्यक्ष एवं सङ्घअन्तर्गत बजार अनुगमन उपसमितिका संयोजक विश्वराम दुवालले जानकारी दिनुभयो ।

यसैगरी, भक्तपुर नगरपालिकासँगको सहकार्यमा भक्तपुर नगरपालिका क्षेत्रका चार स्थानमा सञ्चालन गरिएको नापतौल कार्यक्रमबाट ४४१ जना व्यवसायीहरूले सेवा प्राप्त गरे । मङ्सिर १ गते वडा नं. ४ स्थित टुरिजम मार्केट परिसरमा कार्यालय राखेर पहिलो दिन सञ्चालन गरिएको डोर कार्यक्रममा ९६ जना व्यापारी तथा व्यवसायीहरूले आआफ्ना नापतौलका सामग्रीहरू दर्ता तथा नवीकरण गराएका थिए । मङ्सिर २ गते वडा नं. १० स्थित कमलविनायक बिगमार्ट परिसरमा कार्यालय राखेर सञ्चालन गरिएको नापतौल डोर कार्यक्रममा १५७ जना, मङ्सिर ३ गते वडा नं. ३ स्थित खौमाबाट ८० जना र मङ्सिर ४ गते वडा नं. ७ स्थित इनाचोबाट १०८ जना व्यापारी व्यवसायीहरूले सेवा लिएका थिए ।

सूर्यविनायक नगरपालिकासँगको सहकार्यमा सूर्यविनायक नगरपालिका क्षेत्रका दुई स्थानमा सञ्चालित कार्यक्रममा १६९ जना व्यापारी व्यवसायीहरू लाभान्वित भए । मङ्सिर ७ गते बालकोट चोकबाट ८८ जना र मङ्सिर ८ गते सूर्यविनायक चोकबाट ८१ जना व्यापारी व्यवसायीहरूले आफूहरूले प्रयोग गर्दै आएका नापतौलका सामग्रीहरूको नयाँ दर्ता तथा नवीकरण गराएका थिए ।

सङ्घकी अध्यक्ष रोशनीमैयाँ धौबन्जाले जिल्लाका व्यापारी, व्यवसायीहरू आफ्नै घरआँगनमा नापतौलका सामग्रीहरूको दर्ता तथा नवीकरण गराई लाभान्वित भएको बताउनुभयो । भक्तपुर उद्योग वाणिज्य सङ्घ स्थापनाकालदेखि जिल्लाका उद्योग व्यवसायीहरूको हकहित संरक्षण प्रवर्द्धनका लागि क्रियाशील रहँदै आएको भन्दै उहाँले नापतौल डोर कार्यक्रम पनि जिल्लाका व्यापारी तथा व्यवसायीहरूको सहजतालाई मध्यनजर गरी जिल्लामै कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । उहाँले सङ्घको आग्रहमा जिल्लामा कर्मचारीहरू खटाई सहयोग गरेकोमा नापतौल डोर कार्यक्रममा गुणस्तर तथा नापतौल कार्यालय त्रिपुरेश्वरलाई धन्यवाद दिँदै आगामी दिनमा पनि सङ्घले जिल्लाका व्यापारी व्यवसायीहरूलाई नापतौलका सामग्रीहरूको नयाँ दर्ता तथा नवीकरण गर्न काठमाडौँ पुग्नुपर्ने झन्झटबाट मुक्त गराउन जिल्लामै नापतौल डोर कार्यक्रम सञ्चालनको लागि पहल गर्ने बताउनुभयो ।

हार्दिक समवेदना



जन्म
१९९३/०५/०५

निधन
२०८२/०८/०६

यस बालाखु गणेश भजन गुठीका नाइके **हरिभक्त सुवाल**को दुःखद निधन भएको आज चौथौ दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**बालाखु गणेश भजन गुठी परिवार**

भनपा-२, भक्तपुर

## सङ्क्षिप्त समाचार

# एक खर्ब पुग्न लाग्यो सामाजिक सुरक्षा कोषमा योगदानको रकम

काठमाडौँ, ८ मङ्सिर । सरकारले आमनागरिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सुरु गरेको सामाजिक सुरक्षा कोषमा झण्डै रु. एक खर्ब बराबरको योगदान रकम पुगेको छ । कोषका अनुसार हालसम्म कूल योगदान रकम रु. ९५ अर्ब ४४ करोड १० लाख ५६ हजार तीन सय ६२ बराबर पुगेको छ । कोषमा हालसम्म सूचीकृत रोजगारदाता २२ हजार तीन सय नौ पुगेका छन् । यस्तै सूचीकृत योगदानकर्ता २६ लाख ४१ हजार एक सय ८९ बराबर पुगेको छ । कोषले हालसम्म रु. १७ अर्ब ६४ करोड ८८ लाख ३४ हजार छ सय ८४ बराबरको रकम दाबी भुक्तानी गरेको छ ।

कोषका अनुसार, औषधी उपचार, स्वास्थ्य तथा मातृत्व दाबी रकम रु. दुई अर्ब ५१ करोड २० लाख ९४ हजार आठ सय २२, दुर्घटना तथा अशक्तता दावी रु. २२ करोड ८६ लाख ५३ हजार चार सय ७५ बराबर रहेको छ । त्यस्तै आश्रित परिवार सुरक्षा दाबी रकम रु. २९ करोड सात लाख ७२ हजार एक सय १६ र अवकाश दाबी रकम रु. १४ अर्ब ६१ करोड ७३ लाख १४ हजार दुई सय ७१ बराबर छ ।

सरकारले पछिल्लोपटक वैदेशिक रोजगारीमा जाने श्रमिकलाई समेत कोषमा अनिवार्य रूपमा सहभागी हुनैपर्ने बाध्यकारी व्यवस्था गरेपछि कोषको प्रभावकारिता समेत बढेको छ । स्वरोजगार श्रमिक, उद्योग प्रतिष्ठान तथा विभिन्न सङ्घसंस्थाका कार्यरत कामदार तथा श्रमिक कोषमा सहभागी भइ योगदानकर्ता बन्न सक्छन् । कोषमा नियमित रूपमा योगदान गर्नेले औषधोउपचार, पेन्सन तथा दुर्घटना अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत सुविधा पाउँछन् । कोषलाई प्रभावकारी बनाउन थप सिर्जनशल योजना ल्याउनुपर्ने आवाज पनि उठ्दै आएको छ । कोषमा योगदान रकम बढ्दै जाँदा लगानीका अन्य स्रोतहरूको खोजी गर्नुपर्ने आवश्यकता बढेर गएको छ । *(रासस)*

# ओलाङचुङगोला जाने सडक मर्मत

ताप्लेजुङ, ८ मङ्सिर । अवरुद्ध रहेको ताप्लेजुङको ओलाङचुङगोला जाने सडक मर्मतपछि पुनः सवारीसाधन सञ्चालनमा आउन थालेका छन् ।

सुपर तमोर हाइड्रोपावर कम्पनीको सहयोगमा सडक सफाइ र मर्मत सम्पन्न भएपछि दुईवटा मोटरसाइकल र एउटा ट्र्याक्टर ओलाङचुङगोलासम्म पुगेका छन् । फक्ताङलुङ गाउँपालिका-७ का वडाअध्यक्ष छेतेन शेर्पाका अनुसार वर्षातका समयमा विभिन्न स्थानमा सडक भासिँदा र पहिरो खस्दा सडक अवरुद्ध भएको थियो । हाल उक्त सडक मर्मतपछि सुकेपानीदेखि ओलाङचुङगोला-टिप्ताला सडकखण्ड फेरि सञ्चालनमा आएको उहाँले जानकारी दिनुभयो ।

सडक खुलेसँगै स्थानीय बासिन्दाले मोटरसाइकलसहितका साना सवारीसाधन चलाउन थालेका छन् । तर सुकेपानी र जोङ्गिन क्षेत्र हुँदै बग्ने तमोर नदीमा पानीको बहाव अझै उच्च रहेकाले सवारीसाधन तार्न कठिनाइ रहेको स्थानीयले बताएका छन् ।

एक दुई हप्ताभित्र तमोरको पानीको बहाव घट्ने अनुमान गरिएको छ । त्यसपछि ह्युम पाइप राखेर साना सवारी सहज रूपमा आवतजावत गर्न सक्ने व्यवस्था मिलाउने तयारी भइरहेको वडाध्यक्ष शेर्पाले बताउनुभयो । *(रासस)*

# छुट्टाछुट्टै सडक दुर्घटनामा तीन जनाको मृत्यु

काठमाडौँ, ८ मङ्सिर । काठमाडौँ महानगरपालिका ३२ कोटेश्वरमा भएको दुर्घटनामा परेर एक जनाको ज्यान गएको छ ।

कोटेश्वर चोकस्थित सडकमा बा ३ ख ७३८७ नम्बरको बसले किचेर सोही बसका सहचालक भक्तपुर नगरपालिका १० घर भएका ४१ वर्षीय सुरेन्द्र लागेको आइतबार दिउँसो मृत्यु भएको प्रहरीले जनाएको छ । गुडिरहेको बसबाट खस्दा सोही बसले किचेर गम्भीर घाइते भएका उहाँको वीर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै मोरङ, बुढीगङ्गा गाउँपालिका-५ स्थित सडकमा स ३ प ८८४५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही गाउँपालिका-४ बस्ने सप्तरी राजविराज नगरपालिका-१ घर भएका १९ वर्षीय सुरज नुनियाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उहाँको विराट टिचिङ अस्पताल गङ्गाचोकमा उपचारको क्रममा मृत्यु भएको हो ।

कपिलवस्तु, कृष्णनगर नगरपालिका-३ लक्ष्मीनगरस्थित सडकमा लु ३ त ५९५० नम्बरको थ्रेसर आइतबार दिउँसो दुर्घटना हुँदा थ्रेसरमा सवार सोही नगरपालिका-३ झण्डेनगर बस्ने ४२ वर्षीय पिताम्बर लोनियाको घटनास्थलमै मृत्यु भएको छ । थ्रेसर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । *(रासस)*

# 'गोबर ग्यास' कार्यक्रम प्रभावकारी बन्दै

भोजपुर, ८ मङ्सिर । पौवादुङमा गाउँपालिकाले खाना पकाउने इन्धनका रूपमा गोबर ग्यासको कार्यक्रम सञ्चालन गरेपछि स्थानीय महिलालाई सहज भएको छ । गाउँपालिकाले पशुपालनसँगै गोबर ग्यास उत्पादनलाई जोड दिँदै स्वदेशमै उपलब्ध स्रोत प्रयोग गर्ने लक्ष्यसहित कार्यक्रम विस्तार गरेको हो ।

गाउँपालिकाका उपाध्यक्ष ज्योत्सना राईका अनुसार गत वर्षदेखि नमुनाका रूपमा पशुपालनमा आबद्ध किसानलाई लक्षित गर्दै गोबर ग्यास जडान प्रक्रिया अघि बढाइएको हो । महिला विकास बोर्डमार्फत आत्मनिर्भर कार्यक्रमअन्तर्गत गाई वितरणसँगै गृहिणी महिलालाई लक्षित गरी गोबर ग्यास स्थापना गरिएको उहाँले बताउनुभयो । गाउँपालिकामा महिला विकास बोर्डअन्तर्गत गाईपालन, भैंसीपालन, बङ्गुरपालन, बाख्रापालन, तरकारी तथा फलफूलखेती, गड्यौला मल उत्पादनजस्ता कार्यक्रम सबै वडामा सञ्चालन भइरहेका छन् ।

पौवादुङमा-१ श्यामशिलामा गोबर ग्यास जडानका लागि एक परिवार बराबर गाउँपालिकाबाट रु. १५ हजार, सङ्घीय सरकारबाट रु. २५ हजार र किसानको रु. ५० हजार खर्च भएको वडाध्यक्ष राजेन्द्र तामाङले जानकारी दिनुभयो । उहाँका अनुसार पहिलो चरणमा श्यामशिलाका दुई परिवारले नमुनाका रूपमा गोबर ग्यास प्रयोग गर्न थालेका छन् ।



**रासायनिक मल किन्न लामबद्ध किसान**

नेपालगन्ज । बाँकेको नेपालगन्ज उपमहानगरपालिकास्थित जिल्ला सहकारी सङ्घमा आएको रासायनिक मल किनेर लैजान सोमबार लामबद्ध किसान । अहिले गहुँ बालीका लागि रासायनिक मल लैजान लागेको किसान बताउँछन् । *तस्बिर : युवराज पाण्डे / रासस*

# तीन हजार दुई सय मिटर उचाइमा रहेका जलजलामा ताल बनाउन सम्भाव्यता अध्ययन

म्याग्दी, ८ मङ्सिर । म्याग्दी, पर्वत र कास्की जिल्लाको सिमानामा रहेको प्राकृतिक एवम् धार्मिक पर्यटकीयस्थल कालाञ्जर हम्पालको जलजला क्षेत्रमा ताल निर्माण गर्न सम्भाव्यता अध्ययन थालिएको छ ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका, पर्वतको जलजला गाउँपालिका, मोदी गाउँपालिका र कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकासम्म फैलिएको जलजला क्षेत्रमा पर्यटकलाई आकर्षित ताल निर्माणका लागि अध्ययन थालिएको हो ।

जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले तीन हजार दुई सय मिटर उचाइमा रहेको खुला घाँसे मैदान र पहाडी भू-आकृतिले भरिपूर्ण उक्त क्षेत्रलाई दीर्घकालीन रूपमा धार्मिक तथा पर्यटकीयस्थलका रूपमा विकास गर्न अध्ययन सुरु गरिएको जानकारी दिनुभयो ।

चालु आर्थिक वर्षमा सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखराबाट सम्भाव्यताको अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार पार्न रु. ४० लाख बजेट विनियोजन भएको छ ।

सम्भाव्यताको अध्ययन गर्नका लागि कार्यालयका प्रमुख विदुरमान श्रेष्ठको नेतृत्वमा जलजला गाउँपालिकाका उपाध्यक्ष आचार्यसहितका जनप्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधि र कर्मचारी सहितको टोलीले ताल निर्माणस्थलको गत हप्ता स्थलगत निरीक्षण गरेको छ ।

टोलीले प्रस्तावित ताल निर्माणस्थलको भौगोलिकस्वरूप, सम्भाव्यता, वातावरणीय असर, जलस्रोत उपलब्धता तथा दीर्घकालीन प्रभावको प्रत्यक्ष अवलोकन गरेको उपाध्यक्ष आचार्यले बताउनुभयो ।

उहाँका अनुसार ताल निर्माणका लागि उपयुक्त देखिएको र जलस्रोत व्यवस्थापन तथा सुरक्षाका उपायका बारेमा पनि विस्तृत छलफल भएको छ । ताल निर्माण सम्पन्न भएमा कालाञ्जर-हम्पाल र जलजला क्षेत्र धार्मिकस्थलका रूपमा मात्र नभई आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने प्रमुख गन्तव्य बन्न सक्ने आयोजना कार्यालय पोखराका प्रमुख श्रेष्ठले बताउनुभयो ।

हम्पाल र जलजलाबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे लगायतका हिमाल तथा म्याग्दी, पर्वत र बागलुङका रमणीय भूगोलको दृश्य अवलोकन गर्न सकिन्छ । हिन्दू धर्मग्रन्थ अग्नि, गरुड, कूर्म, वाराह, स्कन्द, शिवमहा, पद्म, बृहन्नारदीय, लिङ्ग, मत्स्य, महाभारत र श्रीमद्भागवतमा हम्पाल र कालञ्जरको प्रसङ्ग उल्लेख भएको कालीगण्डकी क्षेत्रको संस्कृति र सम्पदाको अध्यता प्राडा जगन्नाथ रेग्मीले बताउनुभयो ।

उहाँका अनुसार धार्मिकग्रन्थमा जलजला क्षेत्रलाई ऋषिमुनिले तपस्या गरेर ज्ञान आर्जन गरेको र यहाँको जडीबुटी औषधिका रूपमा प्रयोग गरेको उल्लेख छ । यस क्षेत्रको भ्रमण गरेमा पुण्य मिल्ने, तपस्या गर्दा सिद्धी प्राप्ति हुने र पिण्डदान गर्नाले पितृहरूले सद्गति प्राप्त गर्ने धार्मिकग्रन्थहरूमा बताइएको छ । पहाडका टाकुरामा अवस्थित जलजलाको खोचमा सिम छ । खोचको पृष्ठभूमिमा अन्नपूर्ण हिमाल देखिन्छ ।

बोझो, सतुवा, चिराइतो, अमिली, ब्राह्मी (भोलटाप्रे), पाषणभेद, जेठीमधु, पदमचाल्नु, निरमसी, जटामसी, टिमुर, सिलिटम्मुरलगायत जडीबुटी पाइने जलजला जैविक विविधतायुक्त स्थल हो । यहाँको पाखामा मृगको बथान भेटिन्छन् । डाँफे, मुनाल, कालिज, च्याखुरा, गिद्ध, लुइचे, हुकेचरा, दुम्सी, लाटोकोसेरो आदि पक्षी अवलोकन गर्न पाइन्छ ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको घोडेपानी, पुनहिल, मोहरेडाँडा, नागी र पर्वतको मोदी गाउँपालिकातर्फबाट जलजलालाई पदमार्गले जोडिएको छ । पर्वतको जलजला गाउँपालिकाको लेकफाँट, शालिजातर्फबाट जलजलासम्म कच्ची सडक पुगेको छ । *(रासस)*

# पोखराको हरिचोक-याम्दी खण्ड स्तरोन्नति अन्तिम चरणमा

कास्की, ८ मङ्सिर । मध्यपहाडी( पुष्पलाल) लोकमार्गको पोखरा खण्ड हुँदै दैनिक सयौँ यात्रुवाहक तथा मालबाहक सवारीसाधन पोखराबाट देशको पश्चिम भागमा बाहिरिने र भित्रिने गर्दछन् ।

पाँचथरबाट सुरु हुने राष्ट्रिय गौरवको मध्यपहाडी लोकमार्ग पोखराबाट-बाग्लुङ हुँदै पश्चिमी सिमाना बैतडीको झुलाघाट जोड्छ । कास्की खण्डमा पर्ने पोखरा महानगरपालिकाको हरिचोकदेखि याम्दीसम्मको निर्माणाधीन राजमार्गसमेत अहिले स्तरोन्नतिको अन्तिम चरणमा पुगेको छ ।

यस खण्डको काम अहिले लगभग सकिन लागेको छ । यस खण्डको ९० प्रतिशत काम पूरा भएको मध्यपहाडी राजमार्ग आयोजना कार्यालय पर्वतका इञ्जीनियर किरण सुवेदीले जानकारी दिनुभयो ।

उहाँका अनुसार यस खण्डको निर्माण सकिएपछि यात्रु सहज रूपमा पोखरादेखि बागलुङ हुँदै पश्चिम क्षेत्र जान र फर्कन सक्नेछन् । "हरिचोक-याम्दी खण्डको मुख्य काम सकिएर पब्लिकलाई सेवा दिन तयार भएका छौँ । कालोपत्रको काम सकिएर फिनिसिङको चरणमा छौँ ।" इञ्जीनियर सुवेदीले भन्नुभयो । उहाँका अनुसार सडकमा रेलिङ, व्यारियर र रोड सेफ्टीका केही काममात्र अब बाँकी रहेको छ । इञ्जीनियर सुवेदीका अनुसार यस खण्डमा अब जम्माजम्मी १० प्रतिशत काम बाँकी छ ।

विसं २०७९ साउन १४ गते यस खण्डको ठेक्का सम्झौता भएको थियो । मोतिदान कन्स्ट्रक्सन सेवा प्रालिसँग दुई वर्षमा काम सम्पन्न गर्ने सम्झौता थियो । तर निर्माण कम्पनीको ढिलासुस्ती तथा निर्माण क्षेत्रमा बिजुली र खानेपानीको पाइप स्थानान्तरण लगायतका प्राविधिक समस्याले काममा अवरोध आएको थियो ।

तोकिएको समयमा काम नसकिएपछि पहिलोपटक विसं २०८१ साउन १४ गते र दोस्रो पटक २०८१ चैत ५ गतेसम्म म्याद थप गरिएको थियो । यस खण्डको तेस्रोपटक थपिएको म्याद विसं २०८३ वैशाख मसान्तसम्म रहेको इञ्जीनियर सुवेदीले बताउनुभयो ।

"तेस्रो पटक थपिएको म्यादभन्दा अगावै काम सकिने निश्चित छ । निर्माणको क्रममा केही प्राविधिक तथा निर्माण कम्पनीबाट ढिलासुस्तीसमेत भयो । कार्यालयबाट पटक-पटक ताकेता भयो, स्थानीयवासी, जनप्रतिनिधि सबैको सहयोगबाट अब सम्पन्न हुने अन्तिम अवस्थामा पुगेको छ ।" सुवेदीले भन्नुभयो ।

सडक निर्माणसँगै स्थानीयवासी भने उत्साहित भएका छन् । लामो समय धुलो र हिलोको सास्ती बेहोर्न परेका उनीहरू फराकिलो र सुन्दर सडक बनेसँगै खुसी भएका हुन । पोखरा सिमपानीका माधव पोखरेलले स्थानीयवासीले भोग्नुपरेको कष्ट हटेको भन्दै खुसी व्यक्त गर्नुभयो ।

मध्यपहाडीको हरिचोक-याम्दी खण्ड निर्माण सम्पन्न भएसँगै देशको पश्चिम क्षेत्रमा मात्र नभइ साविकका धौलागिरिका चार जिल्ला तथा कास्कीका उत्तर पश्चिम भेगका नागरिकसमेत सहज सडक पूर्वाधारबाट लाभान्वित भएका छन् । *(रासस)*

। सम्पादकीय ।

# निर्वाचन पनि वर्गसङ्घर्षको एक रूप

कम्युनिस्ट पार्टीले बहुमत जनताको सेवा गर्न राजनीति गर्छ भने पुँजीवादी पार्टीले सामन्त, पुँजीपतिवर्गको सेवा गर्छ । साधारण जनता या कामदारवर्गका जनतालाई सेवा गर्ने आश्वासन बाँडेर पुँजीपति पार्टीले जनतालाई शोषण गरिरहेको हुन्छ । पुँजीवादी दलहरूले ठेकेदार, कालाबजारिया, तस्कर, भ्रष्टाचारी, घर जग्गाका दलाल, म्यानपावरका मालिक तथा विदेशी पुँजीका दलालहरूको सेवा गरिरहेका हुन्छन् । उनीहरू देश र जनताविरोधी व्यापारी, उद्योगपति र अपराधीहरूको पक्षमा वकालत गर्छन् । श्रमिक जनताको मत लिएर श्रमिक जनतामाथि शोषण गर्ने पुँजीवादी पार्टीहरूलाई बहुमत जनताले नचिन्दा, कसैको लहैमा जाँदा, लोभलालचमा फस्दा उनीहरूले रजाइँ गरिरहे । पुँजीवादी व्यवस्थाको विरोध गर्नु कम्युनिस्ट पार्टीको धर्म नै हो ।

कम्युनिस्टहरू पुँजीवादी व्यवस्थाको विरोध र समाजवादको पक्षमा सङ्घर्ष गर्छन्; जनतालाई वर्गीय चेतना दिन्छन् । उनीहरू नयाँ र पुराना कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूलाई राजनीतिक रूपले प्रशिक्षित गर्छन् । तर, विडम्बना ! सत्तामा पुगिसकेका कम्युनिस्ट भनिने दलका नेता कार्यकर्ताहरूले आफ्नो धर्म निर्वाह गरेनन्; जनतालाई प्रशिक्षित गर्ने काम गरेनन् । दलभित्र जतिसुकै सदस्य सङ्ख्या भए पनि कम्युनिस्ट विचारबाट दीक्षित भएनन् भने उसको लक्ष्य पूरा हुनेछैन । बिनाउद्देश्य गरिएको राजनीति सफल हुनेछैन । अत: हरेक राजनीतिक दल आफ्नो लक्ष्य पूरा गर्न अघि बढ्नुपर्छ । लक्ष्यतर्फ उन्मुख नभएको दल सच्चा कम्युनिस्ट हुनेछैन । त्यही भएर राजनीतिक विश्लेषक र सच्चा कम्युनिस्टहरू सरकारमा गएको कम्युनिस्ट पार्टीलाई नक्कली कम्युनिस्टको उपमा दिन्छन् र नक्कली कम्युनिस्ट पार्टीले आमूल परिवर्तन गर्ने बाटो रोज्दैन ।

राजनीतिक दलहरूमा सिद्धान्त, आस्था, विचार र आदर्श समाजको लागि सङ्घर्ष गर्नुको सट्टा पदमा पुग्ने, जसरी भए पनि पैसा कुम्ल्याउने, देश र जनताभन्दा दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्ने दुर्गणका कारण शासक दलहरूप्रति जनताको अविश्वास बढ्दै गएको हो । त्यसको कारण नयाँ नयाँ दल देखापरेका हुन् । अत: कम्युनिस्ट पार्टीको सिद्धान्त, नैतिकता र आस्था जोगाउन पनि अर्को सङ्घर्षको आवश्यकता छ । भ्रष्टाचारको विरोध, जालीफटाहा, शोषक सामन्तको विरोध गर्नु आवश्यक छ । संशोधनवाद, अवसरवाद, विस्तारवाद, साम्राज्यवाद र पुँजीवादको विरोध गर्नु आवश्यक छ । प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ संस्थामा गएर कामदारवर्गलाई पुँजीवादी प्रभावबाट मुक्त गर्ने र निर्वाचनलाई देश र जनताको हितमा उपयोग गर्ने लेनिनवादी नीति नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपाले उपयोग गरेको हो । मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारा बोक्दै नेमकिपा अगाडि बढेको हो; पुँजीवादको विरोध गर्दै समाजवादको पक्षमा प्रचार प्रसारमा लागेको हो । नेमकिपाले सैद्धान्तिक सङ्घर्षलाई निरन्तरता नदिएको भए 'कम्युनिस्ट' को नाउँमा शासक दलका नेताहरूले जनतालाई अझ बढी विश्वासघात गर्थे, अन्तर्राष्ट्रिय समुदायमा नेपालको कम्युनिस्ट आन्दोलनको अझ बढी बदनाम हुन्थ्यो ।

नेमकिपाले निर्वाचनलाई सैद्धान्तिक र राजनीतिक सङ्घर्षकै रूपमा लिएको छ । निर्वाचन पनि वर्गसङ्घर्षको एक रूप हो । नेमकिपाले अन्य समयमा झैँ निर्वाचनको बेला पनि चुनावी गतिविधिमार्फत राजनीतिक सिद्धान्त र विचारलाई प्रशिक्षित गर्छ; गर्दै छ । सिद्धान्तको आधारमा चल्ने राजनीतिक दलले सैद्धान्तिक र वैचारिक सङ्घर्ष गर्छ । निर्वाचनमा पार्टीलाई असैद्धान्तिक गाली गर्ने, धम्कयाउने, होच्याउने, दुष्प्रचार गर्ने, भ्रम फैलाउने, पार्टी टुक्राउन जालझेल गर्ने, नेता तथा कार्यकर्ता तान्ने आदि प्रयास पहिले पनि नभएको होइन । पुँजीवादी शैलीको यस्तो प्रचार प्रसारमा हामीले विश्वास गर्नुहुँदैन । मार्क्सवाद जीवनमा लागु हुने दर्शन र सिद्धान्त हो । नेपालमा पनि मार्क्सवाद-लेनिनवाद लागु गर्न सकिन्छ । देशको परिस्थितिअनुसार मार्क्सवाद-लेनिनवाद लागु गराउन नेमकिपा सङ्घर्षरत छ । कम्युनिस्टको खोल ओढेर मार्क्सवादको नाउँमा पुँजीवादी सरकारमा जाने, पुँजीपतिवर्गको पक्षपोषण गर्ने दलको पनि विरोध गर्नु आवश्यक छ । नाउँ कम्युनिस्ट पार्टी तर गातीविधि र कार्यशैली सबै पुँजीवादी ढङ्गको भयो भने नेपालको कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टी देशमा कसरी अघि बढ्छ ? कम्युनिस्टको नाउँमा मार्क्सवाद-लेनिनवादलाई बङ्ग्याउने प्रवृत्तिको त झनै निन्दा गर्नुपर्छ ।

# अन्ना लुइस स्ट्रङ (सन् १८८५–१९७०) को सङ्क्षिप्त परिचय

अमेरिकी साम्राज्यवादले जापानको हिरोसिमा र नागासाकी सहरमा आणविक बम खसाली संसारमा आफ्नो सामरिक शक्ति देखाएर संसारका सबै क्रान्तिहरूलाई हाँक दिइरहेको थियो । संसारलाई त्राहिमाम पारेको बेला अमेरिकी पत्रकार अन्ना लुइस स्ट्रङ (Anna Louise Strong) येनानको गुफामा माओ त्सेतुसँग अन्तर्वार्ता लिन पुगिन् । माओ त्सेतुङले उत्तरमा भन्नुभयो, "साम्राज्यवाद कागजको बाघ भएजस्तै आणविक बम पनि कागजको बाघ हो ।"

"आणविक बम संहारक वस्तु हो तर त्यसमाथि नियन्त्रण गर्न सकिन्छ । साम्राज्यवादलाई रणनीतिकरूपले चानचुन सम्झनुपर्छ भने कार्यनीतिकरूपले उसका स-साना गतिविधिबारे पनि ध्यान दिनुपर्छ ।" माओ त्सेतुङको यस अभिव्यक्तिले संसारका जनताले अमेरिकी साम्राज्यवादको आणविक आतङ्कबाट मुक्ति पायो ।

संसारलाई अमेरिकी आणविक आतङ्कबाट मुक्ति दिलाउन माओ त्सेतुङको सन्देश विश्वसामु पुऱ्याउने महिला पत्रकार अन्ना लुइस स्ट्रङको जन्म संरा अमेरिकाको नेब्रास्का (Nebraska) राज्यमा सन् १८८५ मा भएको थियो ।

उनको परिवारको पृष्ठभूमि नै प्रगतिशील परम्पराको थियो । उनको परिवार सन् १६३० तिर बेलायतबाट अमेरिका बसाइँ सर्दा राजतन्त्रविरोधी थियो र अमेरिकी स्वतन्त्रता आन्दोलनमा सहभागी थियो ।

स्ट्रङका बुबा सिड्ने स्ट्रङ (Sydnay Strong) समाज सुधारका पक्षपाती थिए भने आमा रुथ ट्रेसी (Ruth Tracy) पनि विश्वविद्यालयमा अध्ययन गरेकी शिक्षित महिला थिइन् र समुदायको हितको निम्ति सक्रिय थिइन् । खानदानी परिवारको भएको हुँदा आफ्ना छोरीलाई साहसी, स्वतन्त्र विचारमा हुर्कने अवसर प्रदान गरिएको थियो ।

७ वर्षकै उमेरमा स्ट्रङलाई घरबाट टाढा सिन्सिन्नाटि (Cincinnati) महानगरमा पढ्न पठाइयो । १२ वर्षको उमेरमा उनी रात बिताउने रेलको यात्रामा गइन् । युवा अवस्थादेखि नै तिनी आफ्नो व्यक्तिगत स्वार्थभन्दा व्यापक जनताको हितलाई महत्त्व दिन्थिन् ।

सन् १९०७ मा २३ वर्षको उमेरमै स्ट्रङले सिकागो (Chicago) विश्वविद्यालयबाट दर्शनशास्त्रमा विद्यावारिधि गरिन् । समाजको न्याय, कल्याण र सुधारको निम्ति उनी लागिपरिन् ।

विश्वविद्यालयको अध्ययनपछि स्ट्रङ बालश्रमविरोधी कार्यमा लागिन् । सन् १९१५ मा पश्चिमको वासिङटन राज्यको सियाटल (Seattle) महानगरको विद्यालयको सुधार समितिका उनी सदस्य भइन् । त्यसपछि उनी पहिलो विश्वयुद्धमा आफ्नो सरकार साम्राज्यवादी नीतिमा लागेकोमा विरोध गर्न सक्रिय भइन् । त्यसैबेला उनी क्रान्तिकारी र मार्क्सवादीहरूको सम्पर्कमा पुगिन् । काठ चिर्ने कारखानाका मजदुरहरू संविधानले दिएको वाक् स्वतन्त्रताको निम्ति लडिरहँदा तिनी त्यहीँ सङ्घर्षको पक्षमा उभिइन् । सन् १९१९ मा सियाटल (Seattle) मा मजदुरहरूको देशव्यापी हडताल भयो, संरा अमेरिकामा त्यो ऐतिहासिक हडताल थियो । मजदुर सङ्घको समाचारपत्र 'सङ्घको दस्तावेज' (Union Record) का सम्पादक स्ट्रङ थिइन् । उनका सशक्त सम्पादकीय र 'आनिज' (Anise) नामबाट लेखिने कविताहरू पछिसम्म त्यहाँका जनतामा चर्चा भइरह्यो ।

**पक्राउ**

स्ट्रङले एक लेखमा भनिन्, " … समाजमा सबै वर्गको उन्मूलन गरी सबै सम्पत्ति एक वर्गको रूपमा मजदुरहरूको नियन्त्रण र तिनीहरूको हितमा हुनुपर्छ ।" यसै लेखको कारण उनी पहिलोपटक पक्राउ परिन् । उनी निरन्तर आफ्नो सिद्धान्तप्रति निष्ठावान् रहिन् । आफ्नो बाटोलाई मोड्न खोज्नेहरूलाई उनी सबै कामदारहरू त्यही सिद्धान्तमा रहेको बताउँथिन् ।

रुसमा सन् १९१७ मा अक्टोबर क्रान्ति भएको थियो । सन् १९१८ मा लेनिनको एउटा भाषणलाई तिनले



सम्पादन गरेर २० हजार प्रति छपाएर उत्तर- पश्चिम अमेरिका र क्यानाडामा वितरण गराएकी थिइन् । त्यसले अमेरिकी मजदुरहरूमा सङ्घर्षको नयाँ वातावरण बनेको थियो । त्यस्तै सियाटलको मजदुर आन्दोलन भइरहँदा चीनमा मई ४ को युवा आन्दोलन चर्कँदै थियो । त्यसबेला तिनी ३४ वर्षकी थिइन् ।

**रुसमा ३० वर्ष**

रुसमा सन् १९२१ तिर भोल्गा ( Volga) क्षेत्रमा अनिकाल भयो । स्ट्रङ भोकमरीलाई सहयोग गर्न विदेशी राहत दिने पहिलो मजदुरको रूपमा रुस पुगिन् ।

दोस्रोपटक तिनी रुस पुगिन् र मस्कोमै स्थायी बसोबास गरिन् । पछि एक रुसी कम्युनिस्टसँग विवाह गरिन् । पत्रकार र अनुवादक एवं विभिन्न देशमा गई द्वैभाषीको रूपमा काम गरिन् । देश-विदेशका घटनाहरूको बारेमा पनि तिनले धेरै पुस्तकहरू लेखिन् ।

सन् १९३० देखि १९५० सम्म 'मस्को दैनिक खबर' (Moscow Daily News) मा उनले काम गरिन् । तिनका पुस्तकहरूमध्ये सबभन्दा उत्कृष्ट पुस्तक उनको आत्मकथाको रूपमा लेखिएको 'मैले संसारलाई फेरेँ' (I Change World) थियो । त्यो पुस्तक सन् १९३५ मा प्रकाशित भयो र तिनले रुसमा ३० वर्ष काम गरिन् ।

**चीन भ्रमण**

सन् १९२५ मा हङकङमा ठुलो हडतालबारे समाचार सङ्कलन गर्न स्ट्रङ पहिलोपटक चीन पुगिन् । चिनियाँ कम्युनिस्ट पार्टी र राष्ट्रवादी पार्टी कोमिनताङ (Kuomintang) बिच पहिलो क्रान्तिकारी एकता (Alliance) भएको थियो । त्यसको केन्द्र क्यान्टन (Guang-Zhou) थियो । त्यहाँ तिनले श्रीमती सनयात सेन (Madame Sun Yat-sen) अर्थात् सून चिङ लिङ (Soong Ching Ling), अन्य प्रगतिशील व्यक्तिहरू र जननेताहरू भेटेकी थिइन् । त्यसबेला तिनले 'करोडौँ चिनियाँ जनता' (China's Millions) लेखिन् । त्यसबेला तिनी ४० वर्षकी थिइन् । अमेरिकाबाट प्रकाशित त्यस पुस्तकलाई मानिसहरू खोजी खोजी पढ्थे ।

मेक्सिकोको प्रजातान्त्रिक आन्दोलनको अवलोकनपछि सन् १९२७ मा तिनी एक रुसी सल्लाहकारसँग मङ्गोलियाको राजधानी उलाम्बाटोर हुँदै रुसी साइबेरियाली रेलमार्गबाट दोस्रोपटक चीन पुगिन् । त्यसबेला राष्ट्रवादी पार्टीका सभापति च्याङकाई शेक (Chiang Kai-Shek) र वाङ चिङ्गेई (Wang Jingeuei) ले क्रान्तिलाई विश्वासघात गरिसकेका थिए । मजदुर र किसानहरूको आन्दोलन अगाडि बढ्दै थियो र साम्राज्यवादीहरूको धाप पाएर विश्वासघातीहरूले गृहयुद्धमार्फत जनतालाई दबाउँदै थिए । त्यसैबेला माओ त्सेतुङले आफ्नो पार्टीमा 'हुनान प्रान्तको किसान आन्दोलनबारे जाँचबुझको एक रिपोर्ट' पेस गर्नुभएको थियो ।

स्ट्रङले माओ त्सेतुङको त्यसै रिपोर्टलाई समेत ध्यान दिई सन् १९२८ मा 'करोडौँ चिनियाँ जनता' को दोस्रो भागमा सामेल गरिन् र 'मैले संसारलाई फेरेँ' मा पनि चीनको परिस्थितिबारे लेखिन् । त्यसबेला उहान (Wuhan) र अन्य क्षेत्रमा उनले भ्रमण अवलोकन गरेकी थिइन् ।

युरोपमा फासीवादको जगजगी बढ्दै थियो । स्पेनियाली गणतन्त्र त्यसको थिचोमिचोको विरोधमा सङ्घर्ष गर्दै थियो । सन् १९३६ मा स्ट्रङ स्पेन पुगिन् र केही महिना त्यहाँको अध्ययन गरिन् र 'स्पेनमा हातहतियार' (Spain in Arms) भन्ने पुस्तक लेखिन् ।

सन् १९३७-३८ मा अन्ना लुइस स्ट्रङ तेस्रोपटक चीन पुगिन् । चीन जापानी आक्रमणको विरोधमा लड्दै थियो । कम्युनिस्टहरूको आठौँ पैदल सेनाको सदरमुकाम दक्षिण-पूर्वी शान्सि (Shanxi) मा थियो । त्यहाँ जनरल चू तेह (Chu Teh) हुनुहुन्थ्यो । जापानसँगको त्यस भिडन्तको बेला तिनले त्यहाँ यात्रा गरिन् र चाउ एन लाइ र उहाँको जहान तङ यिङ चाओ (Deng Ying Chao) सँग मित्रता गाँसिन् । त्यसबेला अन्ना ५२-५३ वर्षकी थिइन् ।

**चौथो पटक चीन भ्रमण**

सन् १९४० मा जापानविरोधी प्रतिरोध युद्ध साह्रै अप्ठेरो स्थितिमा थियो, जापानी आक्रमणले चीनको मुख्यमुख्य महानगरहरू आफ्नो कब्जामा लिइसकेको थियो भने च्याङकाई - शेकले जापानको अगाडि आत्मसमर्पण गर्दै थिए । त्यसैबेला अन्ना लुइस स्ट्रङ चौथोपटक चीन पुगिन् । च्याङकाई-शेक जापानसँग लडिरहेको कम्युनिस्ट नेतृत्वको चिनियाँ शक्तिहरूमाथि जाइलाग्न तयारी गर्दै थिए ।

त्यस्तो विकट अवस्थामा स्ट्रङ चाउ एन लाइसँग भेट्न चोङ छिङ (Chongquing) पुगिन् । देशको स्थितिबारे चाउ एन लाइले तिनलाई सन् १९२७ को भन्दा विकराल भएको बताउनुभयो । तर, उहाँले यसबारे कसैलाई नबताउनु भन्नुभयो, किनभने स्थिति च्याङ काई शेकले थाहा पाए झन् ठुलो आक्रमणको योजना बनाउनेछ । तर, तिनले साथीहरूसँग यस गम्भीर विषयमा छलफल गर्दा संसारसामु च्याङकाई शेकका गतिविधिहरूलाई उदाङ्ग्याउनुपर्ने सल्लाह दिइन् ।

कोमिनताङ शक्तिहरू याङसी (Yangtze) नदी तरेर उत्तरतिर आउँदा कम्युनिस्टहरूको नयाँ चौथो सेनालाई बाटैमा समाप्त पार्न खोज्दै थिए । यसबारे स्ट्रङले सारा संसारमा फासीवादविरोधी प्रचार अभियान सुरु गरिन् । संसारका सारा प्रगतिशील जनता र शान्ति चाहने जनता तथा देशहरूमाझ जापानको विरोधमा अडान लिने चिनियाँ कम्युनिस्टहरूको पक्षमा लोकमत तयार भयो । यस्तो गम्भीर स्थितिमा चीनमा गृहयुद्ध भड्केमा दोस्रो विश्युद्धको नक्सा फेरिने सम्भावना थियो । यस्तो अवस्थामा स्ट्रङको प्रचार अभियानले सकारात्मक भूमिका खेल्यो ।

**पाँचौँ पटक चीनमा**

दक्षिण-पूर्वी चीनमा जापान हार्दै थियो र कम्युनिस्टहरूको प्रभाव बढ्दै थियो । उत्तर कोरिया, चीन, हिन्द-चीन, इन्डोनेसिया, मलेसिया, बर्मा, जापानको आदि ठाउँ कम्युनिस्टहरूले लिँदै थिए । जापानलाई छिट्टै आत्मसमर्पण गराउन नसके अमेरिकी सेनाको थप बलिदान हुन्थ्यो र अरू हातहतियार एवं रसद पानीको आवश्यकता हुन्थ्यो । त्यस स्थितिले कम्युनिस्ट आन्दोलनको निम्ति सहयोग पुग्थ्यो र पश्चिममा पनि कम्युनिस्ट आन्दोलनलाई थप मलजल पुग्थ्यो । यसकारण, संरा अमेरिकाले जापानलाई छिट्टै आत्मसमर्पण गराउन आणविक अस्त्र प्रयोग गर्ने निर्णय गर्यो ।

६ अगस्ट १९४५ को दिन जापानको हान्शु (Honshu) टापुको हिरोशिमा (Hiroshima) सहरमा संरा अमेरिकाले आणविक बम खसाल्यो ।

दोस्रो आणविक बम जापानको क्युशु (Kyushu) टापुको नागासाकी (Nagasaki) सहरमा खसाल्यो ।

संरा अमेरिकाको त्यस संहारक अस्त्रको प्रयोगले सारा मानव जाति आतङ्कित भयो । जून १९४६ मा अन्ना लुइस स्ट्रङ पाँचौँ पटक चीन पुगिन् र चिनियाँ कम्युनिस्ट पार्टीको सदरमुकाम येनान पुगी अध्यक्ष माओ त्सेतुङसँग संसारको त्यस स्थितिबारे प्रश्न गरिन् । उत्तरमा माओले भन्नुभयो, "युद्धको निर्णय एक दुईवटा नयाँ हातहतियारले गर्दैन बरु जनताले गर्छन् । साम्राज्यवादीहरूजस्तै अणु बम पनि 'कागजी बाघ' हो, हेर्दा डरलाग्दो छ, तर तिनीहरूमाथि विजय प्राप्त गर्न सकिन्छ ।"

माओ त्सेतुङको त्यस अन्तर्वार्ताले संसारका जनताको साम्राज्यवादविरोधी सङ्घर्षमा थप ऊर्जा प्राप्त गऱ्यो । त्यसैबेला तिनले माओ त्सेतुङसँग अर्को पनि अन्तर्वार्ता लिइन् र त्यहाँ ल्यू शाओचि (Liu Shaoqi) पनि थिए । माओ त्सेतुङ विचारधाराबारे उहाँले मार्क्सवाद-लेनिनवादलाई चीनको माटोमा प्रयोग गर्दाको अनुभव हो र त्यो विचारधारा सबै देशमा जस्ताको तस्तै लागु हुन्छ भन्ने होइन र हरेक देशको आ-आफ्नै परिस्थितिअनुसार अनुसरण गर्नुपर्ने बताउनुभयो । त्यसबेला स्ट्रङ ६१ वर्षकी परिपक्व पत्रकार थिइन् ।

सन् १९४७ मा चिनियाँ कम्युनिस्ट पार्टी र कोमिनताङबिच नयाँ युद्ध सुरु भयो । संरा अमेरिकाले कोमिनताङलाई सबै किसिमले मद्दत गर्यो । माओ त्सेतुङ र चाउ एन-लाइले येनानलाई खाली गरी घुमन्ते र नियमित युद्धमा प्रवेश गराउँदै हुनुहुन्थ्यो ।

त्यसैबेला अन्ना लुइस स्ट्रङले येनानको जीवनशैलीको बारेमा लेखिन्, "त्यहाँ कुनै ऐश-आराम छैन बरु केही बन्दोबस्त छ । … जनताको राम्रो विचार

बाँकी पृष्ठ ७ मा

# जारशाही संसद्मा बोल्शेभिक सांसद – २१

● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*




सन् १९१३ को वसन्त याममा गाडी मर्मत कारखानामा एउटा विवाद उठ्यो । सांसद बन्नुअघि म त्यही काम गर्थें । त्यो विवाद हाम्रो सङ्गठन चुस्त रहेको र मजदुरहरूबिच एकता बढेको सङ्केत थियो । निर्वाचनको बेला उनीहरूबिच एकमनको अद्भूत एकता प्रदर्शित भएको थियो । यसले गर्दा मजदुरहरूको साहस र आत्मनिर्भरता बढेको थियो । आफूबिचबाटै एक मजदुर सेन्ट पिटर्सबर्गको सांसद निर्वाचित भएपछि उनीहरूको क्रान्तिकारी भावनामा वृद्धि भएको थियो ।

गुप्त प्रहरी कारखानामा हुने गतिविधिमा निकै ध्यान दिइरहेका थिए । तिनीहरू मजदुरहरूको उत्साहलाई निमोठ्न पहिलो मौकाको खोजीमा हुन्थे । यसको लागि तिनले रोमानोभ राजवंशको तीन सयौँ वार्षिकोत्सवको मौका छोपे । सन् १९१३ फेब्रुअरीमा रोमानोभ वंश सुरु भएको ३ सय वर्ष पुग्दै थियो । त्यसको अलि अघिदेखि प्रहरीले सबै कलकारखानामा मजदुरको छँटनी गर्न जोरजुलुम गरे । वार्षिकोत्सवमा कुनै क्रान्तिकारी जुलुस प्रदर्शन नहोस् भनेर गुप्त प्रहरीले कारखानाका सम्पूर्ण सक्रिय मजदुरलाई 'हटाउने' खेलो गरे । उनीहरूले सामूहिक पक्राउ र निकालाको नीति अपनाए । शङ्कास्पद सबैलाई कामबाट हटाइयो ।

फेब्रुअरी १३ को रात कैयन् रेल मजदुरहरू पक्राउ परे । वार्षिकोत्सव सक्किएपछि तिनीहरूलाई रिहा गरियो । तर, कारखानाले तिनलाई काममा लिन मानेन । ठुलो म्यानेजरले तिनलाई भन्यो, "पहिले मुद्दा दायर गर । हामी प्रहरीसँग परामर्श गर्छौं र तिमीहरूलाई काममा राख्ने कि नराख्ने भनेर टुङ्गो लगाउँछौं ।"

युनियनका मान्छेहरूले रिहा भएका कामदारलाई पुनः काममा बहाल गर्न जोड गरे । म्यानेजरले उनीहरूलाई थर्काउन खोज्यो, "तिमीहरू क्रान्तिकारी माग राख्दै छौ । ख्याल गर यसको जिम्मा तिमीहरूले नै लिनुपर्छ । मजदुरहरूलाई नभड्काओ ।"

म्यानेजरको रवैया देखेर सबै मजदुरहरू आक्रोशित भए । उनीहरू एउटा ज्यासलमा जम्मा भए र नयाँ परिस्थितिबारे छलफल गरे । उनीहरूले आफ्ना कामरेडहरूलाई तुरुन्तै काममा लिन माग गरे । यो माग अक्षरशः राखियो । तर, चित्तबुझ्दो जवाफ आएन । यसपछि उनीहरूले एकाएक हडतालको घोषणा गरे ।


कारखाना प्रशासनले मजदुरहरूलाई झुलाउने खेल खेल्यो । मागको विषयमा सोच्न समय माग्यो । तर, त्यहाँ जम्मा भएका मजदुरहरूले तिनको चाललाई हावामा उडाउँदै भने, "दस्ताबेज लेख्नलाई एक हप्तै लिए पनि हुन्छ । तर, हाम्रा मान्छेलाई तुरुन्तै काममा राख्नुपर्छ । हाम्रा पाँच कामरेडहरूलाई काममा नराख्दासम्म हामी यहाँबाट जानेवाला छैनौँ ।"
मजदुरहरूको दृढताले असर गर्‍यो । उनीहरूको एकमना एकता देखेर कारखाना प्रशासनले बाटो छोड्न कर लाग्यो । म्यानेजरले साँझको खानापछि पाँचैजना मजदुरलाई काममा फर्काउने घोषणा गर्‍यो । यो घटनाले ऐक्यबद्धताको शक्ति देखाइदियो । मैले यो घटना धेरै भन्दा धेरै जनतालाई बताउनुपर्ने ठानेँ । त्यसकारण, 'प्राभ्दा' मा मैले रेल मर्मत गर्ने ज्यासलको त्यो घटनाबारे मजदुरहरूलाई एउटा अपिल लेखेँ । अपिल यस्तो थियो :

"प्रिय कामरेडहरू, मार्च ४ गते एकढिक्का भएर तपाईंहरूले प्राप्त गर्नुभएको सफलताका लागि म यहाँहरूलाई बधाई दिइहाल्छु । त्यो दिन तपाईंहरूले रोजीरोटी खोसिएका आफ्ना पाँच साथीहरूलाई पुनः काम दिलाउन दृढतापूर्वक सङ्घर्ष गर्नुभयो । मजदुरको अवस्था सर्वत्र सकसपूर्ण छ । तर, निकोलाइएभ्स्काया रेलवेको मर्मत शाखामा जस्तो दारुण जीवन अन्त छैन । सांसद निर्वाचित हुनुभन्दा अगाडि त्यो ज्यासलमा मैले धेरै वर्ष काम गरेको थिएँ । प्रशासनले त्यहाँ अपनाउने दमनकारी उपाय मलाई राम्ररी थाहा छ । मजदुरलाई त्यहाँ अत्यन्त रुखो व्यवहार गरिन्छ, बिनासूचना वा पूर्व जानकारी कामबाट निकाला गरिन्छ । नयाँ म्यानेजर पनि पुरानैको बाटोमा हिँडे जस्तो देखिन्छ । सायद नयाँ म्यानेजर अझ बढी मनपरी गर्छन् । अन्य धेरै निजी कारखानामा भन्दा रेलवेमा स्थिति झन् कष्टकर छ । सरकारी कारखानालाई बजारको अस्थिरतासँग उति सरोकार हुन्न, मजदुरको अवस्था पनि निजीको तुलनामा गतिलो हुन्छ भन्ने छ । सरकारी कारखाना प्राविधिक उपकरणमा पनि अरूभन्दा नमुना हुनुपर्छ र मजदुरसँगको व्यवहार पनि त्यहाँ राम्रो हुनुपर्छ भन्ने छ । सरकारी कारखानामा मजदुरले छोटो समय काम गरे पुग्छ, ज्याला उच्च हुन्छ र बिनाकारण कसैलाई निकाला नगरिने सुनिश्चितता हुन्छ भन्ने छ ।

तर, सरकारी रेलवे ज्यासलको अवस्था साँच्चै कस्तो छ त ? ओभरटाइमको समय जोडेर ९ घण्टा काम गराउनुपर्नेमा मजदुरहरू १२-१२ घण्टा काम गर्छन् । तर, यसरी खट्दा पनि ज्याला अति कम छ । जीवन धान्न धौधौ हुन्छ ।

यी ज्यासलबाट निर्वाचन प्रतिनिधिको रूपमा तपाईंहरूले गर्नुभएको कामबाट म निकै हर्षित भएको छु । ऐक्यबद्धता र अठोटका साथ तपाईंहरूले उद्योग व्यवस्थापकलाई परास्त गर्नुभयो र आफ्ना सहकर्मी साथीहरूको जीवन जोगाउन सफल हुनुभयो । कामरेडहरू सम्झिराखौँ, एकता र वर्गचेतना नै हाम्रो बल हो; एक भएर र वर्गीय रूपमा सचेत काम गरेर मात्र हामीले हाम्रो दिनदशा सुधार्न सक्छौँ ।"

मेरो अपिल प्रकाशित गरेकोमा नगर गभर्नरले पत्रिकालाई ५०० रुबल जरिवाना तिरायो । यो अपिल प्रकाशित गरेबापत हामीलाई जरिवाना तिराउन सक्छ वा पत्रिका जफत गर्न सक्छ भन्ने थाहा थियो । तर, आर्थिक हिसाबले 'प्राभ्दा' सुरक्षित थियो । त्यसकारण, हामीले जोखिम मोल्ने निधो गरेका थियौँ । रेलवे मर्मत ज्यासलका मजदुरबारे यो अपिल आफैमा सम्पूर्ण मजदुरवर्गलाई एउटा शिक्षा थियो । त्यसकारण, यसको खबर भरसक सबैले पाउन जरुरी थियो । 'भूमिगत' छापाखानाबाट पर्चाको रूपमा जारी गर्नुभन्दा 'प्राभ्दा' मा प्रकाशित गर्नु धेरै प्रभावकारी हुन्थ्यो ।



अपिलको प्रभाव हामीले सोचेजस्तै पर्‍यो । यसले मजदुरहरूको मनोबल बढायो । केही समयलाई मजदुरहरूको सफलता र तिनको क्रान्तिकारी भावनाले गुप्त प्रहरीलाई चुप बस्न कर लाग्यो । तर पछि प्रहरीले छापा मार्ने निर्णय गर्‍यो ।


इस्टर पर्वको बिदा भयो । बिदाको पहिलो दिन (सन् १९१३ अप्रिल) बिहानपख प्रहरीका बलिया दस्ता कारखानाहरूमा देखापरे । प्रत्येक ज्यासलमा प्रहरी दस्ता तैनाथ भए । जरुरी नपर्दासम्म मजदुरहरूलाई एउटा ज्यासलबाट अर्कोमा पस्न दिइएन । अर्को ज्यासलमा जाँदा प्रहरीको कडा पहरा हुन्थ्यो ।

यति तयारी गरेपछि कारखाना प्रशासनले थप चारजना पीडितलाई कामबाट निकाल्यो । कामरेड मेलनिकोभ भर्खरै धातु मजदुर युनियनका सदस्य निर्वाचित भएका थिए । उनलाई पनि कामबाट निकालियो । निष्कासित मजदुरहरूले निष्कासनको कारण खुलाउन माग गरे । तर, प्रहरीले म्यानेजरलाई भेट्दै दिएन । पछि कारखाना प्रशासनले गुप्त प्रहरीको अनुरोधमा ती मजदुर युनियनका नेतालाई निकालिएको बतायो । निष्कासित चार मजदुरहरू पछि पक्राउ परे । उनीहरूलाई सेन्ट पिटर्सबर्गबाट बाहिर लगियो । उनीहरूलाई '५२ स्थान' मा जान मनाही गरियो । सरकारले रुसका ५२ प्रमुख नगरलाई क्रान्तिकारीमुक्त बनाउन यो बन्देज लगाउने गर्थ्यो ।

यो घटना भएकै दिन मजदुरहरू हतारिँदै मकहाँ आइपुगे । उनीहरूले यो कारबाहीविरुद्ध मैले सम्बन्धित निकायमा विरोध गर्नुपर्ने बताए । प्रहरीको रवैया हेर्दा कुनै आवेदन वा विरोधले काम गर्ने स्थिति देखिएन । अघि पाँच मजदुरहरूलाई पक्राउ गर्न नसकेको बदला गुप्त प्रहरीले यसरी लिएको थियो । यसपालि आफ्ना सिकारलाई कडाभन्दा कडा दण्ड दिन उसले कम्मर कसेको थियो ।

पछिल्लो आक्रमणको जवाफ दिन मजदुरहरूलाई सम्बोधन गरी मैले 'प्राभ्दा' मा एउटा अपिल प्रकाशित गरेँ । पार्टीको वरिपरि गोलबन्द भएर र आफ्नो सङ्गठनलाई सबल पारेर मात्र चोटिलो जवाफ दिन सकिने बताएँ । यो कुरा सिधासिधा भन्न सकिन्नथ्यो । त्यसैले मैले त्यो अपिल वर्गसचेत मजदुरहरूले मात्र बुझ्न सक्ने भाषामा लेखेँ । अपिल यस्तो थियो :

"मजदुरहरूले मलाई यी बर्बरतापूर्ण विधिप्रति उच्च अधिकारीहरूको ध्यानाकृष्ट गर्न अनुरोध गरे । निश्चय नै मैले मन्त्रीलाई भेट्नेछु । तर, कामरेडहरू मैले भन्नैपर्छ, यसको उति असर पर्नेछैन । हामी सबैले आफ्नो अडान बुझ्नुपर्छ, हाम्रा मजदुरहरूको अखबार नियमित पढ्नुपर्छ र अन्य मजदुरहरूले आफ्नो दिनदशा सुधार्न के कसरी लडिरहेका छन् भनी सङ्घर्षका तौरतरिकासँग परिचित हुनुपर्छ ।"




## पाठ १०

### जहाज मर्मतशाला

बाल्टिक जहाज मर्मतशालामा हडताल । जलसेनाका मन्त्रीसँग भेटवार्ता । ओबुखोभ कारखानामा सङ्घर्ष । ओबुखोभ कारखानाको विषयमा सदनमा प्रश्न । धराप उत्पादन उद्योगमा विस्फोट । अन्त्येष्टिमा जनप्रदर्शन । अन्त्येष्टिमा सहभागी भएबापत जरिवाना । मेरो जरिवानाबारे सदनको राय ।

बाल्टिक जहाज मर्मतशाला जलसेना मन्त्रीको मातहत थियो । काम गर्ने ठाउँ अन्य युद्धसम्बन्धी कारखानामा जस्तै असुरक्षित र रूग्ण थियो । सामान्य मजदुरले प्रतिघण्टा १२-१८ कोपेक (रूसी पैसा) कमाउँथ्यो । ओभरटाइम काम गर्नु चलन नै थियो । यसको अर्थ मजदुरहरूले दैनिक दोब्बर काम गर्थे । ज्यासलहरू अत्यन्त अस्वस्थ, ओसिलो, अँध्यारो, धुवाँइलो र हिउँदमा ठिहिर्‍याउने चिसो हुन्थ्यो । मजदुरले निकै शरीर नै बाउँडिने गरी अप्ठ्यारो पाराले काम गर्नुपर्थ्यो । त्यहाँ सात-आठ वर्ष काम गरेको मान्छेको शरीर पूरै काम नलाग्ने हुन्थ्यो ।

सबै युद्ध संस्थानमा जस्तै मजदुरहरूसँग पशुलाई जस्तै व्यवहार गरिन्थ्यो । म्यानेजरहरू सेनाकै अफिसर हुन्थे । कारखाना प्रशासन प्रहरीसँग घनिष्ट हुन्थे । यसकारण, प्रत्येक म्यानेजर र फोरमेन राजनीति प्रहरीको एजेन्ट हुन्थ्यो । कारखानामा सुराकीको बिगबिगी थियो । मजदुरहरूलाई गालीगलौज गर्नुलाई प्रशासनले नै बढावा दिएको थियो । जरूरी सूचना हात लाग्यो कि कारखाना प्रशासनले त्यो 'राजद्रोही' लाई तुरून्तै प्रहरीको जिम्मा लगाइहाल्थ्यो ।

यति हुँदाहुँदै पनि त्यहाँका मजदुरहरू अन्य सर्वहारा साथीहरूभन्दा पछाडि परेनन् । सन् १९१३ को वसन्त र गर्मी याममा मर्मतखानामा पटकपटक भनाभन विवाद चर्किरह्यो । विवाद चुलिँदा हडतालहरू भए । कहिले एउटा ज्यासलले हडताल गर्थ्यो, कहिले केही विभाग मिलेर हडताल गर्थे त कहिले पूरै कारखाना हडतालमा उत्रिन्थ्यो ।

त्यो वर्ष मे महिनामा एउटा ज्यासलमा १० जना मजदुरले ओभरटाइम काम गर्न नमानेको विषयमा विवाद चर्कियो । प्रशासनसँग वार्ता गर्न ३ जना प्रतिनिधि चुनिए । वार्ता चलिरहेकै बेला कारखानाको हाकिमले प्रहरीलाई बोलायो । प्रहरीले मजदुर प्रतिनिधिहरूलाई गिरफ्तार गर्‍यो । सोही मे २० को रातिपख ती प्रतिनिधिका घरघरमा खानतलासी लिइयो । थप १० जना मजदुरलाई पक्राउ गरियो । यसको जवाफमा अर्को ज्यासलका २ हजार मजदुर सङ्घर्षमा आए । उनीहरूले गिरफ्तार साथीहरूको रिहाइका साथै थप आर्थिक मागहरू राखे । त्यो दिन हडतालीहरूले हाम्रो संसदीय समूहकहाँ आफ्ना प्रतिनिधि पठाए । उनीहरू घटनाको जानकारी गराए र पीडितहरूको पक्षमा बोलिदिन आग्रह गरे । समूहका एक सदस्य र मैले मिलेर वार्ताका लागि जलसेना मन्त्रीलाई एउटा तार पठायौँ ।



उत्तरपश्चिम प्यालेस्टिनको तुल्कराम सहरको पूर्वी भागमा अवस्थित नुर शाम्स विस्थापित शिविरअगाडि आफ्नो घर फिर्ता जान पाउनुपर्ने माग राखी प्रदर्शनरत प्यालेस्टिनीहरू र बाटो रोकेर बसेका इजरायली सेना नोभेम्बर २३, २०२५ का दिन । इजरायलले गरिरहेको यहुदी बस्ती विस्तारका कारण प्यालेस्टिनीहरू आफ्नो घर र गाउँबाट विस्थापित भइरहेका हुन् । *तस्बिर : निडाल इस्टायेह/ सिन्ह्वा*

# ढाकाद्वारा शेख हसिनाको सुपुर्दगीका लागि नयाँ दिल्लीसँग पुन: औपचारिक आग्रह

ढाका, २५ नोभेम्बर (एनआई) । अपदस्थ प्रधानमन्त्री शेख हसिनालाई बङ्गलादेश अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणबाट मृत्युदण्डको सजाय सुनाइएको केही दिनपछि बङ्गलादेशको अन्तरिम सरकारले उहाँको सुपुर्दगीका लागि भारतीय विदेश मन्त्रालयलाई पुन: औपचारिक पत्र पठाएको छ ।

ढाका ट्रिब्युनको एक विस्तृत रिपोर्टअनुसार रोहिङ्ग्या मुद्दाका लागि उच्च प्रतिनिधि खलीलुर रहमान भारतीय राजधानीबाट फर्किएलगत्तै नयाँदिल्लीमा नयाँ कूटनीतिक नोट पठाइएको अधिकारीहरूले पुष्टि गरेका छन् । विदेश मामिला सल्लाहकार तौहिद हुसेनले आइतबार पत्रकारहरूसँग कुरा गर्दै ढाकाले शेख हसिनाको फिर्ती सम्बन्धमा भारतसँग पुन: औपचारिक संवाद थालेको बताउनुभयो तर विस्तृत विवरण भने खुलाउन चाहनुभएन ।

बङ्गलादेशको युनाइटेड न्युजले उद्धृत गरेको नयाँदिल्लीस्थित एक कूटनीतिक स्रोतका अनुसार खलीलुर रहमानले बिहीबार भाग लिएको कोलम्बो सुरक्षा सम्मेलनअन्तर्गत राष्ट्रिय सुरक्षा सल्लाहकारहरूको सातौँ बैठक सकिनासाथ नोट भर्बल भारतलाई पठाइयो ।

यसै साताको सुरुआतमा अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण ( आईसीटी) ले गत वर्षको जुलाई-अगस्ट अशान्तिका क्रममा मानवता विरुद्धको अपराधका मुद्दामा शेख हसिना र पूर्व गृहमन्त्री असदुज्जमान खान कमललाई मृत्युदण्डको सजाय सुनाएको थियो । त्यस्तै, पूर्वप्रहरी प्रमुख चौधरी अब्दुल्लाह अल-मामुन पाँच वर्षको कैद सजायबाट दण्डित हुनुभएको छ । उहाँ राज्य साक्षीसमेत हुनुहुन्छ ।

फैसलापछि ढाकाले भारतलाई दुवै दोषी व्यक्तिलाई बिनाढिलाइ हस्तान्तरण गर्न आग्रह गरेको ढाका ट्रिब्युनले जनाएको छ । सल्लाहकार तौहिद हुसेनका अनुसार मुद्दाको निष्कर्षपछि परिस्थिति फेरिएको हुँदा बङ्गलादेशले औपचारिक रूपमा भारतलाई आफ्नो वर्तमान धारणा अवगत गराएको छ ।

"यो दुई देशबिचको विद्यमान प्रत्यर्पण सन्धिअन्तर्गत भारतको पनि दायित्व हो," बङ्गलादेश विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिलाई उद्धृत गर्दै ढाका ट्रिब्युनले लेखेको छ । विज्ञप्तिमा अझ भनिएको छ, "मानवता विरुद्धका अपराधमा दोषी ठहरिएका व्यक्तिहरूलाई आश्रय दिनु कुनै पनि देशका लागि अनुचित आचरण मात्र होइन, न्याय प्रणालीप्रति गम्भीर उपहास पनि हो ।"

यसैबिच, भारतले न्यायाधिकरणको निर्णयलाई स्वीकार गरेको र बङ्गलादेशसँग रचनात्मक रूपमा संलग्न रहिरहने प्रतिबद्धता व्यक्त गरेको छ । विदेश मन्त्रालयले जारी गरेको वक्तव्यमा भनिएको छ, "नजिकको छिमेकीका रूपमा भारत बङ्गलादेशी जनताको शान्ति, लोकतन्त्र, समावेशीकरण र स्थिरताका लागि समर्पित छ ।" नयाँदिल्लीले यस्ता उद्देश्यहरूलाई अघि बढाउन सबै पक्षसँग मिलेर काम जारी राख्ने जनाएको छ ।

ढाकामा आयोजित एक कार्यक्रममा सुरक्षा विश्लेषक तथा बङ्गलादेश शान्ति तथा सुरक्षा अध्ययन संस्थानका अध्यक्ष ए.एन.एम. मुनिरुज्जमानले भारतले बङ्गलादेशको कानुनी प्रक्रियालाई सम्मान गर्नुपर्ने बताउनुभयो । उहाँका अनुसार शेख हसिनाको मुद्दा 'सबै अन्तर्राष्ट्रिय मापदण्ड र कानुनी प्रक्रियाबाट गुज्रिएको' भएकाले ती मापदण्डको सम्मानस्वरूप उहाँलाई बङ्गलादेश फर्कन आवश्यक छ । दुई देशबिचको प्रत्यर्पण सन्धिमा समेत यस्ता मुद्दालाई समेट्ने प्रावधानहरू रहेको उहाँले जोड दिनुभयो ।

अन्तर्राष्ट्रिय कानुनी मान्यताअनुसार औपचारिक अनुरोध आएपछि राष्ट्रहरूले दोषी ठहरिएका व्यक्तिहरूलाई फिर्ता गर्ने अपेक्षा रहने उल्लेख गर्दै उहाँले भारतले सन्धिको अक्षरश: पालना गर्दै ढाकाको अनुरोधमा सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

# जलवायु परिवर्तनसँग बङ्गलादेशको तटीय जीवन सङ्घर्ष

खुल्ना (बङ्गलादेश), ८ मङ्सिर ( एएफपी) । विशाल हिमाली नदीहरू समुद्रको अँगालोमा प्रवेश गर्ने बङ्गलादेशको तटीय डेल्टाको त्यही पानीले जीवनको हरेक लय, हरेक सङ्घर्ष र हरेक परिवर्तनलाई परिभाषित गर्दछ ।

सरकारी वैज्ञानिकहरूको भनाइमा जलवायु परिवर्तनका कारण समुद्रको सतह असाध्यै तीव्र रूपमा बढ्दै गइरहेको छ । यसले तल्लो भूभागलाई बगाउँदै लैजान थालेको छ भने आँधीबेहारी र चक्रवातहरूले समुद्री नुनिलो पानीलाई अझ भित्री क्षेत्रसम्म पुऱ्याई कुवा, पोखरी र तालका पानीलाई नुनिलो बनाइरहेका छन् ।

माटो र म्यानग्रोभ वनले भरिएको पर्यावरणीय रूपमा अति संवेदनशील डेल्टामा बस्ने लाखौँ नागरिकका लागि पिउने शुद्ध पानी फेला पार्नु अहिले एक कठिन चुनौती बनेको छ ।

सन् २००९ मा आएको विनाशकारी चक्रवात आइला तटीय जीवनमा एक निर्णायक मोड सावित भयो । बाँधहरू भत्किए, समुद्री नुनिलो पानी बस्तीमा पस्यो, घरहरू मात्रै नभइ, उर्वर मरुभूमि पनि नुनले छोपियो । कुनै समय जीवनरक्षक मानिने ताजापानी अचानक पिउन अयोग्य बन्यो र खेतबाली रोपिने जमिन बिस्तारै नुनिलो तहमुनि धसिँदै गयो ।

आज खुल्ना र सतखिराका बासिन्दाहरू भूमिमा र समुद्रसँगको कडा सङ्घर्षबिच नाजुक सन्तुलनमा बाँचिरहेका छन् । निरन्तर ज्वारभाटा बाढीबाट जोगिन धेरै परिवारहरू बाँसका स्टिल्टमा उँचो बनाइएका घरमा बस्छन् ।

बालबालिकाहरू पहेँलो, नुनिलो पानीमै नुहाउँछन्, त्यसै परिवेशमा खेल्छन् र त्यहीँ हुर्कन्छन् । त्यहाँ नदीहरूले वर्षौँ अघिदेखि नै घर, बस्ती, विद्यालय बगाइरहेकै छन् । विस्थापन यहाँ सामान्य जीवनचक्रको एक भागझैँ बनिसकेको छ ।

पुरुषहरू महिनौँसम्म काम खोज्दै घरदेखि टाढा बसाइँ सर्छन् । उता महिलाहरू र बालबालिकाहरू भने परोपकारी संस्थाले उपलब्ध गराइदिने ट्याङ्की वा टाढाका पोखरीबाट वर्षाको पानी सङ्कलन गर्न घन्टौँसम्म सुक्खा र पत्र पत्र भएको माटोमा हिँड्न बाध्य छन् ।

प्रत्येक घरधुरीले धेरै मुश्किलले केही हजार लिटर पानी सङ्कलन गर्छ । त्यो पानी अर्को मनसुन नआउँदासम्म अत्यन्तै सावधानीपूर्वक बाँडेर प्रयोग गर्नुपर्ने हुन्छ ।

दैनिक पानी बटुल्ने, भण्डारण गर्ने, हेरचाह गर्ने काम यहाँका परिवारका लागि धैर्य र सहनशीलताको मौन अनुशासनझैँ बनिसकेको छ ।

यो प्रतिवेदन एएफपीको सन् २०२५ माराई फोटो ग्रान्टअन्तर्गत युवा फोटो-पत्रकार मुहम्मद अमदाद हुसेनद्वारा तयार पारिएको फोटोग्राफी शृङ्खलासँग प्रकाशित गरिएको हो ।

यो सम्मानित पुरस्कार दक्षिण एसियाका २५ वर्ष वा सोभन्दा कम उमेरका फोटोग्राफरहरूका लागि खुला हुन्छ र यस वर्षको विषयवस्तु 'जलवायु परिवर्तन' तथा त्यसले दैनिक जीवनमा पारेको प्रभावमा केन्द्रित थियो ।

एजेन्सी फ्रान्स-प्रेसले यो पुरस्कार आफ्नो दिवङ्गत फोटो पत्रकार शाह माराईको नाममा स्थापना गरेको हो । माराई अफगान फोटोग्राफी जगतका लागि प्रेरणा व्यक्तित्व थिए र एएफपी काबुल ब्युरोका फोटो प्रमुखका रूपमा कार्यरत रहँदै सन् २०१८ अप्रिल ३० मा आत्मघाती आक्रमणमा ४१ वर्षको उमेरमा शहीद भएका थिए ।

## विश्व सङ्क्षेप

### नयाँदिल्लीमा वायु प्रदूषण तीव्र

नयाँदिल्ली, २५ नोभेम्बर (सिन्ह्वा) । पछिल्लो समयमा बढ्दो वायु प्रदूषणका कारण भारतको नयाँदिल्ली लगायत वरपरका क्षेत्रहरूमा हावाको गुणस्तर सोमबार खतरनाक स्तरमा पुग्नुका साथै धुवाँको बाक्लो तहले भारतीय राजधानी सहरका धेरै क्षेत्रहरू ओगटेको जनाइएको छ ।

केन्द्रीय प्रदूषण नियन्त्रण बोर्डका अनुसार विशेषगरी दिल्लीको पूर्वी भागहरू र छेउछाउका क्षेत्रहरूमा वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) लगभग-४५० देखिएको छ जुन वायु प्रदूषण मापदण्डको सन्दर्भमा 'गम्भीर' अवस्था मानिएको छ । पछिल्ला केही दिनदेखि दिल्ली र यसका छेउछाउका क्षेत्रहरूमा हावाको गुणस्तर खराब हुँदा मानिसहरूलाई सास फेर्न गाऱ्हो भइरहेको तथा धेरै सरकारी अस्पतालहरूमा श्वासप्रश्वाससम्बन्धी रोगबाट पीडित बिरामीहरूको सङ्ख्या बढेको स्थानीय मिडियाले जनाएको छ ।

सावधानीका लागी दिल्लीका अधिकारीहरूले स्थानीयहरूलाई अत्यावश्यक नभएसम्म बाहिरी गतिविधिहरूमा संलग्न नहुन निर्देशन दिँदै स्वास्थ्य सुझावहरू जारी गरेका छन् ।

### मलेसियामा बाढीका कारण दस हजार भन्दा बढी मानिसहरू विस्थापित

क्वालालम्पुर (मलेसिया), ८ मङ्सिर (क्यूएनए) । मलेसियामा हालै आएको बाढीको कारण दश हजार भन्दा बढी मानिसहरूलाई विस्थापित भएको उल्लेख गर्दै उत्तरी राज्य केलान्टान सबै भन्दा बढी प्रभावित भएको अधिकारीहरूले सोमबार घोषणा गरेका छन् ।

लामो समयदेखि भइरहेको भारी वर्षाका कारण आएको बाढीबाट प्रभावित आठ हजार २४८ जनालाई सुरक्षित स्थानमा स्थानान्त्रण गरिएको रेकर्ड सार्वजनिक गरिएको छ । अधिकारीहरूका अनुसार विस्थापितहरूलाई ३३ वटा अस्थायी बाढी पीडित राहत केन्द्रमा सारिएको छ । मलेसियाको मौसम विभागले हाल निरन्तर रूपमा भारी वर्षा र तीव्र हावाहुरीको चेतावनी जारी गरिरहेको छ ।

यस अघि सन् २०१४ डिसेम्बरमा, मलेसियामा आएको अप्रत्यासित बाढीको कारण लगभग चार लाख मानिसहरू विस्थापित हुनुका साथै मनवीय तथा भौतिक क्षतिको सामना गरेका थिए ।

# ह्वाइट हाउस भेटपछि पनि ममदानी ट्रम्पप्रतिको 'फासीवादी' तथा 'तानाशाह' टिप्पणीमा अडिग

वासिङ्टन, २५ नोभेम्बर (एएनआई) । न्युयोर्क सहरका मेयर-निर्वाचित जोहरान ममदानीले शुक्रबार ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग पहिलो औपचारिक भेट गर्नुभएको छ । भेट समग्रमा मैत्रीपूर्ण र रचनात्मक भएको बताइए पनि ममदानीले राष्ट्रपति ट्रम्पप्रतिको आफूले विगतमा गरेको कडा टिप्पणी फिर्ता लिन अस्वीकार गर्नुभएको छ ।

शनिबार एनबिसी न्युजको मिट द प्रेस कार्यक्रममा सहभागी हुँदै मेयर-निर्वाचित ममदानीले आफू अझै पनि ट्रम्पलाई 'फासीवादी' र 'तानाशाह' मान्ने दाबी दोहोऱ्याउनुभयो । यद्यपि, उहाँले शुक्रबारको संवादलाई 'फलदायी र सद्भावपूर्ण' भएको भन्दै दुवैबिच सहरका किफायती चुनौती तथा नागरिक जीवनसँग सम्बन्धित गम्भीर विषयमा गहन छलफल भएको बताउनुभयो ।

भेटका क्रममा राष्ट्रपति ट्रम्पले पनि सहृदय रवैया अपनाउँदै पत्रकारहरूलाई ममदानीबारे 'मै उत्साहित छु' भन्ने टिप्पणी गर्नुभएको थियो । ममदानीका अनुसार वार्ताको केन्द्रबिन्दु न्युयोर्क सहरका जनतामाथि परेको अत्यधिक जीवनयापन लागत र त्यसको दीर्घकालीन समाधान खोज्नुपर्ने आवश्यकतामा केन्द्रित थियो ।

ट्रम्पप्रतिको आफ्नो अघिल्लो आरोपप्रति पुन: धारणा राख्दै ममदानीले भन्नुभयो, "मैले विगतमा भनेका सबै कुरामा म दृढ छु ।" असहमतिले जिम्मेवारीका कामहरू रोकिनु नहुने बताउँदै उहाँले भन्नुभयो, "म ओभल अफिसमा विवाद झिक्न वा प्रदर्शन गर्न गएको होइन, म न्युयोर्कवासीहरूका लागि परिणाम ल्याउन गइरहेको हुँ ।"

ममदानीका अनुसार उहाँले प्रयोग गरेको विवादास्पद विशेषणलाई राष्ट्रपति ट्रम्पले पनि हल्का हाँसोका साथ लिनुभएको थियो । आफूले ट्रम्पलाई 'फासीवादी' भनेका विषयमा पुन: सोधिँदा ममदानीले 'मैले पहिले नै बोलेको छु' भन्नासाथ राष्ट्रपति ट्रम्पले हस्तक्षेप गर्दै 'ठीक छ, तपाईं केवल 'हो' भन्न सक्नुहुन्छ, मलाई आपत्ति छैन' भन्दै हात थप्थपाउनुभएको थियो ।

अभियानका क्रममा ममदानीले ट्रम्पलाई भोट दिएका भए पनि बढ्दो जीवनयापन खर्चलाई आफ्नो प्रमुख चिन्ताको रूपमा व्यक्त गरेका क्विन्स र ब्रोन्क्सका मतदातासँग बारम्बार भेट गरेको स्मरण गर्नुभयो । उहाँका अनुसार यही समस्याको समाधानलाई नै आफूले आफ्नो मेयर कार्यकालको शीर्ष प्राथमिकतामा राख्नेछु भनेर राष्ट्रपतिको समक्ष स्पष्ट गर्नुभएको थियो ।

राष्ट्रपति ट्रम्पले आफ्नो दोस्रो कार्यकालको पहिलो दिनदेखि नै लागत घटाउने प्रतिबद्धता जनाइसक्नुभएकाले ममदानीले यस विषयलाई लिएर दुवैबिच व्यावहारिक सहकार्यको वातावरण बन्नसक्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले 'जनताको सधैँ सताउने वास्तविक मुद्दा' मा ध्यान केन्द्रित गर्नुपर्ने उल्लेख गर्नुभयो ।

भेटमा न्युयोर्कमा नेसनल गार्ड तैनाथ गर्नेबारे ट्रम्पको अघिल्लो चेतावनी पनि उठाइएको थियो । राष्ट्रपति यस विषयमा पूर्ण रूपमा पछि हट्नुहुन्छ कि हुन्न भन्ने खुलेर भने नसके पनि ममदानीले एनवाइपिडी सार्वजनिक सुरक्षामा पर्याप्त सक्षम रहेको विश्वास आफूले व्यक्त गरेको बताउनुभयो । भेटपछि राष्ट्रपति ट्रम्पले पनि पत्रकारहरूलाई 'यदि आवश्यक पऱ्यो भने मात्र सेना पठाइनेछ' भनेका थिए ।

चुनावअघिका दिनमा राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जालमार्फत ममदानीलाई 'कम्युनिस्ट पागल' सम्म भनेका थिए र ममदानी मेयर बनेमा सङ्घीय कोष कटौती गर्नेसम्मका चेतावनी दिएका थिए । ट्रम्पले ममदानीका प्रतिस्पर्धी–न्युयोर्कका पूर्वगभर्नर एन्ड्र्यु कुओमो–लाई खुला समर्थन गरेका थिए । डेमोक्रेटिक प्राइमरीमा ममदानीसँग हारेपछि स्वतन्त्र उम्मेदवार बनेका कुओमो अन्तत: पराजित भएका थिए ।

# ल्हासाको आकर्षण : तिब्बती ओपेरा

✍ रविन

सेप्टेम्बर महिनाको २३ तारिख, बेलुकी ९ बजेको समय । तिब्बतको ल्हासा सहरमा चिसो हावाको स्याँठसँगै सिमसिम पानी पनि परिरहेको थियो । दिनभरिको थकान, अनि बेलुकीको पानीले शरीर पूरै चिसो बनाएको थियो । हामी मानसिक रूपमा शिथिल भइसकेका थियौँ । तथापि चिनियाँ मित्रहरूले हाम्रो सम्मानमा ल्हासामा ओपेरा ( तिब्बती ऐतिहासिक गिती नाटक) देखाउन लाने तयारी गर्दै हुनुहुन्थ्यो ।

चिसो समयमा खुला आकासमुनि अग्लो पहाडको छेवैमा बनाइएको खुला थियटरमा झन्डै डेढ घण्टा लामो ओपेरा हेर्न निश्चय पनि सजिलो हुन्न भन्ने लागेको थियो । त्यसमाथि तिब्बती भाषामा देखाइने नाटक हामीले के बुझ्थ्यौँ होला र ? ओपेरा हेर्ने मुड नभए पनि निर्धारित कार्यक्रममा उल्लेख गरिएकोले 'नाइँ' भन्नमात्र नसकेका हामी । सुरुवाती भ्रमण तालिकामा त ओपेरा हेर्ने कार्यक्रम उल्लेख गरिएको थिएन, तर तिब्बत पुगेपछि हामीले नै आग्रह गर्दा समावेश गरिएको थियो । चिनियाँ मित्रहरूले नबुझिने गरी एक जना साथीले नेपाली भाषामा अल्छी पाराले भनिहाल्यो, "नाटक हेरेर के गर्ने, भाषा केही बुझिन्न होला । त्यहाँ गएर आनन्दले एक निद्रा सुत्ने त होला नि !"

चिनियाँ मित्रले ओपेराको टिकट काटिसक्नुभएको रहेछ, प्रतिव्यक्तिको चिनियाँ ६५० युयानको दरले । प्रवेशद्वारमा पुग्नासाथ सबैलाई बाक्लो ओभरकोटजस्तो ज्याकेट दिइयो । चिसोबाट बच्ने अर्को विकल्प पनि त थिएन ।

दर्शकदीर्घामा रङ्गशालामा जस्तै प्यारापिट बनाइएको थियो । कुर्सीहरू सबैजसो भरिएका थिए । हाम्रो टोली एकै लहरमा क्रमश: बस्यौँ । हाम्रो अगाडि अँध्यारो थियो । मधुरो प्रकाशमा हामीले अग्ला दुइटा पहाडहरू हाम्रोसामु उभिएको देख्यौँ ।

ओपेरा सुरु भएको सङ्केत आउनासाथ अगाडिको मञ्चमा एउटा विशाल र भव्य दरबार देखिन थाल्छ । साँच्चिकैको दरबारको भवन त होइन तर वास्तविक जस्तै देखिने चिनियाँ राजाको थ्रिडी दरबार पाङ्ग्रासहितको लिकमा विस्तारै गुडाउँदै मञ्चको केन्द्र भागमा देखापर्छ । दरबारको छत तथा खुड्किलाहरूमा धेरै सङ्ख्यामा कलाकारहरू नाचिरहेका हुन्छन् । दरबारको मूल प्रवेश द्वारबाट चिनियाँ तत्कालीन राजा बाहिर निस्केर आफ्नी छोरी (राजकुमारी) वेन छनको हात माग्न तिब्बती राजा स्रङ्गचङ्ग गम्पोको सन्देशबाहक दूत आएकोलाई स्वागत गर्छन् । गीत, अभिनय र नृत्यमार्फत संवाद गरिएका दृश्यलाई मञ्चको दायाँ-बायाँ राखिएका स्क्रिनहरूमा अङ्ग्रेजी भाषामा अनुवाद गरिएका लाइनहरू पढ्न सकिन्छ । पहिलो दृश्य नै आकर्षक र मनमोहक छ ।

ध्वनी र प्रकाशको संयोजनका कारण दर्शकहरूलाई पहिलो दृश्यबाट दोस्रो दृश्यमा गएको भेउ पाउन मुश्किल हुन्छ । दृश्य परिवर्तन गर्दा एक सेकेन्ड पनि समय खेर फालिन्न । लाइटले परको पहाडलाई उज्यालो बनाइदिन्छ, दायाँतिर चैत्यको दृश्य देखाइन्छ र भिक्षुहरू प्रार्थना गरिरहेका हुन्छन् । पहाडको बाटो हुँदै राजा स्रङ्गचङ्ग गम्पोको टोली चीन प्रवेश गर्दै गरेको दृश्य देखाइन्छ । स्थलसेना र घोडसवार सेनाको नेतृत्व गर्दै आएको तिब्बती राजालाई चिनियाँ दरबारमा स्वागत गर्दै राजकुमारी वेन छन र स्रङ्गचङ्ग गम्पोको भव्य विवाह समारोह सम्पन्न हुन्छ ।

दुलहा दुलहीको तिब्बत यात्राको क्रममा देखिने ग्रामीण दृश्य मञ्चमा चित्रण गराइन्छ । किसानहरू खेतमा काम गर्दै गरेको, भेडा र



चौरी चराउँदै गरेको, ऊनबाट बख्खु बुन्दै गरेको आदि देखाइन्छ । मञ्चमा साँच्चिकैको भेडा र याकको बथानलाई भोटे कुकुरले नेतृत्व गरेको दृश्य देखाइन्छ । साँच्चिकैको घोडा दौडाइन्छ । कठिन यात्राको क्रममा हुरी चल्ने, हिउँ पर्ने दृश्य पनि देखाइन्छ । दर्शक दीर्घामा समेत हिउँ पर्दा दर्शकहरू आफैलाई पनि ओपेराको पात्र भएको अनुभूति गराइन्छ ।

राजकुमारी वेन छनको साथमा चिनियाँ राजाबाट उपहारको रूपमा ल्याइएको सुन्दर बुद्धको मूर्तिलाई प्राकृतिक विपत्तीबाट जोगाउन गरिने सङ्घर्षको कथा निकै रोचक रूपमा प्रस्तुत गरिन्छ । रातिको दृश्यमा चन्द्रमा पनि साँच्चिकैको जस्तो देखाइन्छ । आफ्ना सेनाहरूसँगै राजारानी पनि ढुङ्गाको सहारामा निदाउँछन् । यात्राको क्रममा जन्जिरले बाँधिएका दासहरूलाई मोचन गराइन्छ ।

अन्तिम दृश्यमा ल्हासाको पोताला दरबारको भव्य सेट मञ्चमा देखाइँदा वास्तविक दरबारभन्दा सुन्दर देखिएको महसुस सबैले गर्छन् । लिकमार्फत दरबार, तिब्बती सहर, परको गाउँबस्ती मञ्चमा प्रस्तुत गरिँदा दर्शकहरूलाई सोच्न बाध्य गराइन्छ कि 'साँच्चिकैको ल्हासा सहर मञ्चमा प्रस्तुत गर्न कसरी सम्भव भयो ?'


दृश्यहरू सुन्दर र प्राकृतिकजस्तो लाग्छ । हजारौँको सङ्ख्यामा कलाकारहरू अभिनय र नृत्य प्रस्तुत गर्छन् । स्रङ्गचङ्ग गम्पो, वेन छनलगायतको अभिनय जीवन्त देखिन्छ ।

नेपालको राष्ट्रिय नाचघर र काठमाडौँका केही बन्द कोठाभित्रका थियटरहरूमा नाटक हेर्ने बानी परेका हामीलाई ल्हासाको खुला आकासमुनिको थियटरमा हरेक दृश्य यथार्थझैँ लाग्ने र कलाकारहरूको अभिनय पनि जीवन्त लाग्ने ओपेरा (गीति नाटक) हेर्न पाउँदाको आनन्द अनुभूति शब्दमा व्याख्या गर्न मुश्किल हुँदोरहेछ । तिब्बती भाषा नबुझे पनि कलाकारको अभिनय, नृत्यको हाउभाउले कथावस्तु बुझ्न सजिलो बनायो । ठुलठुला दुइटा स्क्रिनमा अङ्ग्रेजी भाषामा अनुवाद गरिएका लाइनहरू पढ्दा बुझ्न थप सजिलो भयो ।

सारमा, ओपेरामा देखाइएका भव्य सेटहरू, प्रकाश संयोजन, पार्श्व सङ्गीत, कृत्रिम मौसमी व्यवस्था, प्राकृतिक जीवजन्तुको जीवन्त प्रदर्शनी, हजारौँ कलाकारहरूको एकै पटकको प्रस्तुतीलगायतका आश्चर्यजनक प्रस्तुतिले सबै दर्शकहरूलाई चकित तुल्याएको अनुभव भयो । चीनको आधुनिक प्रविधिलाई ओपेरामा समेत उत्कृष्ट ढङ्गले समायोजन गर्नु सबैका लागि आश्चर्य बन्यो । हामी सबैको मनमा तिब्बती ओपेरा जीवनकै अविस्मरणीय छाप बन्यो ।

थियटर छिर्दाको थकित र शिथिल शरीरमा ओपेराले ज्यान भरेको अनुभव भयो । थियटरबाट बाहिर निस्कँदै गर्दा हामी सबैजना पुन: ऊर्जाशील भएका थियौँ । थियटरमा एक निद्रा सुत्ने योजना बनाएका साथीको अनुहारमा देखिएको चमक हेर्नलायकको थियो । 'आँखा झिमिक्क पनि गर्न पाइनँ यार' भन्दै थिए साथी ।







*अन्ना...*

छ, गम्भीर छ र विश्व दृष्टिकोण छ । ....यहाँ केही नभए पनि क्रान्तिको कठिन अग्रगमनको भरपर्दो इतिहास देखिन्छ ।"

प्रगतिशील अमेरिकी पत्रकारहरूको टोलीले 'संयुक्त श्रम समाचार र टेलीप्रेस समिति' (Allied Labour News and Telepress Committee) को स्थापना गर्‍यो । अमेरिकी ट्युमानको सरकारले च्याङ काई शेकको समर्थन गर्दै थियो । त्यस नीतिको विरोधमा अमेरिकी पत्रकारहरूको टोलीले चीनबाट स्ट्रङले पठाएका समाचारहरूलाई अमेरिका र संसारमा प्रसार गर्दै गयो । उत्तरी शान्सि (Shanxi) मा अङ्ग्रेजी भाषाको समाचार संस्था अर्थात सिन्ह्वा समाचार संस्था (Xinhua News Agency) बाट एउटा सानो घुम्ती प्रसारण सेवा सुरु गरिएको थियो । त्यस्तो सानो स्रोतले पनि ठुल्ठुला काम गर्‍यो । चीनबाट स्ट्रङका समाचारहरूलाई सङ्कलन गरी उनको 'भोलिको चीन' (Tomorrow's China) प्रकाशित गरियो ।

सन् १९४८ मा स्ट्रङ न्युयोर्कबाट मस्को रमाना भइन् । त्यहाँबाट उनी छैठौँ पटक चीन जान चाहन्थिन् । तर, मस्कोमा तिनी पक्राउ परिन् ।

### मस्कोमा सङ्घर्ष

मस्कोमा अन्ना अचानक पक्राउ परिन् र 'अमेरिकी गुप्तचर' को आरोपमा मुद्दा चलाइयो । माओ त्सेतुङको "साम्राज्यवादीहरू र एटम बम 'कागजी बाघ' हुन्" भन्ने ठम्याइमा कति रुसी नेताहरू सहमत थिएनन् र अनुमानको भरमा 'अमेरिकी गुप्तचर' को रूपमा उनीमाथि अभियोग लाग्यो । त्यसैले उनी सन् १९४९-१९५८ सम्म अमेरिकाकै क्यालिफोर्नियामा बस्न बाध्य भइन् । स्तालिनको मृत्युपछि सन् १९५७ देखि १९६० सम्मको अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा रुसी संशोधनवादी गुटसँग चिनियाँ कम्युनिस्ट पार्टीको सैद्धान्तिक सङ्घर्षमा खुश्चेभ गुटले अमेरिकी साम्राज्यवाद 'कागजी बाघ' हो भने । तर, 'आणविक दाँत' भएको भनी त्यस ठम्याइलाई 'वामपन्थी अवसरवाद' र 'युद्ध पिपासु' को लाञ्छना लगाइयो । खुश्चेभ गुटले इटालीयाली कम्युनिस्ट नेता टोग्लियाति र फ्रान्सेली कम्युनिस्ट नेता थ्रोजे आदिलाई समेत चिनियाँ कम्युनिस्ट पार्टीको विरोधमा प्रयोग गर्‍यो ।

क्यालिफोर्नियामा अन्नाको घरको राम्रो बन्दोबस्त थियो र उनी 'टुडे' (Today) भन्ने पत्रिका निकालेर सोभियत सङ्घ र अन्य २० देशमा प्रगतिशील आन्दोलनमा लागिरहिन् ।

प्रगतिशील जगतमा सोभियत सङ्घ र त्यसको कम्युनिस्ट पार्टीको प्रतिष्ठा र प्रभाव व्यापक थियो । अन्नामाथिको त्यो अभियोगको कारण तिनका पुस्तकहरू र प्रकाशनमा ग्रहण लाग्यो । तैपनि, तिनी ७ वर्षसम्म त्यस अभियोगको विरोधमा एक्लै सङ्घर्ष गर्दै गइन् किनभने अन्य 'वामपन्थीहरू' भ्रममा परे । त्यसैबेला दक्षिणपन्थीहरूले तिनलाई कम्युनिस्टविरोधी शिविरमा तान्न खोजे । तिनले त्यस्ता प्रस्तावहरूलाई आगोलाई जस्तै अस्वीकार गरिन् । उनी मेक्सिकोमा पनि गएर निरन्तर समाजवादको प्रचार अभियानमा लागिरहिन् ।

सन् १९४९ मा चीन मुक्त भयो र जनवादी गणतन्त्र चीनको स्थापना भयो । तिनले 'चिनियाँ जनताले चीनमाथि विजय प्राप्त गर्‍यो' (The Chinese Conquer China) शीर्षकको पुस्तक लेखिन् र आफैले प्रकाशन एवं वितरण गर्ने बन्दोबस्त गरिन् ।

अन्ना लुइस स्ट्रङमाथिको अभियोग सन् १९५५ मा झूटा साबित भयो र पुन: उनको सम्बन्ध संसारका साथीहरू र चीनसँग पनि स्थापित भयो । अमेरिकी सरकारले उनको प्रगतिशील विचारको कारण उनको राहदानीलाई प्रतिबन्ध लगायो र यात्रामाथि रोक लगायो । तर, उनको विचार र कलमलाई रोक्न अमेरिकी सरकार असफल रह्यो । उनले 'स्तालिन युग' (The Stalin Era) पुस्तक लेखिन् । त्यसबेला रुसमा स्तालिनको विरोधमा खुश्चेभ गुट सक्रिय थियो, त्यस पुस्तकले त्यसमाथि प्रहार गयो ।

सन् १९५८ मा उनी मस्को पुगिन् र एक जनसभामा आफ्नो बाँकी जीवन समाजवादबारे प्रचारमा लगाउने बताइन् । त्यहाँ तिनलाई आफ्नो लोग्नेका परिवारले बस्न सबै बन्दोबस्त गर्ने प्रस्ताव राख्यो । तर, सिद्धान्तकै कारण तिनीले त्यस प्रस्तावलाई अस्वीकार गरिन् । छैटौँ पटक तिनी चीन पुगिन् ।

### ७२ वर्षको उमेरमा चीन

चीन पुगेर अन्ना लुइस स्ट्रङले '७२ वर्षको उमेरमा म किन चीन आएँ' (Why I came to China at the age of 72) लेखिन् । त्यस पुस्तकलाई तिनले पहिले लीथो (Mimeographed) बाट ६९ वटा पत्रको रूपमा छापिन् र वितरण गरिन् । पछि त्यस पुस्तकको जर्मन, इटालियन र स्वीडिस भाषामा पनि अनुवाद भयो ।

जीवनको पछिल्लो भागमा चीन बसाइँमा स्ट्रङले सन् १९५८ देखि सुरु भएको जनकम्युनको स्थापना र कम्युनहरूमा ध्यान दिइन् । सन् १९६० मा तिनले चीनका कम्युनहरूको भ्रमण गरिन् र 'जनकम्युनको उत्थान' (The Rise of the People's Commune) लेखिन् । चीन र संसारमा पनि धेरै चर्चा र विवाद भएका कम्युनहरूको अध्ययन-भ्रमणपछिको त्यस पुस्तकले धेरैलाई कम्युनबारे बुझ्न सजिलो पारेको थियो ।

सन् १९५९ मा तिब्बतको धर्मराज र दास मालिकहरूको राजा दलाई लामा गुटले विद्रोह गर्‍यो । विद्रोहपछि पश्चिमी साम्राज्यवादीहरू र भारतीय विस्तारवादीहरूकै निर्देशनमा विद्रोहीहरू भारत पुगे । अमेरिकी केन्द्रीय गुप्तचर विभाग (CIA) र भारतको संरक्षणमा आज पनि दलाई लामाको गुट भारतको धर्मशालाबाट गतिविधि गर्दै छ ।

तिब्बतको वास्तविक स्थिति संसारलाई बताउन सन् १९५९ मा 'पेचिङ जन दैनिक' (Peking People's Daily) को आयोजनामा १९ देशका लेखक र पत्रकारहरू पहिलो पटक ल्हासा पुगेका थिए । त्यसमा अन्ना पनि थिइन् । पोताला दरबार, गाउँ, बस्ती र जनताका सभा, आलोचना सभा र सांस्कृतिक गतिविधिको अवलोकन गरिन् तथा मुक्त दास र भूदासहरूसँग पनि तिनले कुराकानी गरिन् ।

त्यही विवरण र कुराकानीको आधारमा ' तिब्बतका भू-दासहरू उठ्दा' (When Serfs Stood up in Tibet) लेखिन् र सन् १९६० मा त्यसको पहिलो प्रकाशन भयो । तिनी त्यसबेला ७३ वर्षकी थिइन् । (उक्त पुस्तकको नेपाली अनुवाद 'तिब्बतका भू-दासहरू उठ्दा' पत्रकार समाज भक्तपुरले वि.सं. २०६६ असोजमा प्रकाशित गरेको छ ।)

हुन त अन्नाले सन् १९६० देखि नै 'चीनका चिट्ठीहरू' (Letters from China) लेख्न सुरु गरेकी थिइन् । सन् १९६२ को ३१ अक्टोबरको चिट्ठीको शीर्षक थियो - 'चीन-भारत सीमा विवाद' (Sino Indian border Conflict) । यसरी ती चिट्ठीहरूमा चीन र संसारका समसामयिक विषयमा लेख्दै गइन् ।

सन् १९६१ मा अन्ना लुइस स्ट्रङ लाओस पुगिन् र त्यहाँका नेताहरू, महत्त्वपूर्ण व्यक्तिहरू र साधारण जनतासम्म पुगिन् । त्यहाँको स्थितिबारे उनले जानकारी लिइन् ।

अमेरिकी साम्राज्यवादले कसरी भियतनाम, कम्बोडिया र लाओसलाई आफ्नो मुट्ठीमा पार्न खोजेको थियो र लाओसका जनता र नेताहरूले त्यसको जवाफ कसरी दिए भन्ने जानकारी 'लाओसमा पैसा र हिंसा' (Cash and Violence in Laos) पुस्तक लेखिन् र प्रकाशित गरिन् । यसरी जीवनको उत्तरार्द्धमा पनि तिनले ६ वटा पुस्तक लेखिन् । (उक्त पुस्तक नेपाली भाषामा अनुवाद भएर 'मजदुर' दैनिक मा धारावाहिकरूपमा छापिसकिएको छ ।)

सन् १९६७ जून महिनामा 'माओ त्सेतुङको साहित्य र कलाबारे येनान गोष्ठीको प्रवचन' को २५ औं दिवसको अवसरमा अन्ना लुइस स्ट्रङले एफ्रो एसियाली लेखक सङ्घको कार्यशालामा 'मुख्य शक्ति जनतामा भर पर्नुपर्ने र प्रतिक्रियावादीहरू बलियो सम्झनु जनताको अज्ञानता हुने हुँदा जनतालाई सचेत पार्नुपर्ने' बारे बोलिन् ।

### स्ट्रङका अन्तिम दिनहरू

अन्ना लुइस स्ट्रङ चिनियाँ नेताहरू, बुद्धिजीवी र चिनियाँ जनताले उच्च सम्मान गरिने व्यक्तिहरूमध्ये एक हुन् । एक अथक मजदुर, प्रतिबद्ध लडाकु, आफ्नो विश्वासमा अटल र सिद्धान्तनिष्ठ मित्रको रूपमा चिनियाँ जनता उनलाई मन पराउँछन् । अध्यक्ष माओ त्सेतुङले धेरै पटक तिनलाई भेट दिनुभयो । प्रधानमन्त्री चाउ एन लाई, उहाँको जहान तङ यिङ चाओ, परराष्ट्रमन्त्री छन् र अन्य नेताहरू तिनको जन्मदिनमा तिनलाई शुभकामना व्यक्त गर्न जानुहुन्थ्यो र ती भेटहरू औपचारिकमात्रै नभई देश-विदेश र समसामयिक विषयमा छलफल र विचारको आदानप्रदान पनि हुने गर्दथ्यो ।

तिनी आफ्ना लेख र समाचारहरूलाई छैटौँ पटकसम्म सच्याउने र परिमार्जित गर्ने गर्थिन् । तिनी आफ्नो लेखाइलाई सकेसम्म भित्री मनदेखि मिलाउँथिन् र रातरातभर आफ्नो टाइपराइटरमा काम गर्थिन् ।

तिनी साऱ्है प्रकृतिप्रेमी थिइन्, फूलको बिरुवा र त्यसको सजावटमा तिनी अत्यन्त रुचि राख्थिन् । विश्वका अत्यन्त नाउँ चलेका पत्रकारहरूमध्ये एकजना अन्ना लुइस स्ट्रङ थिइन् ।

सन् १९७० को मार्च महिनामा ८५ वर्षको उमेरमा तिनको टाइपराइटरको आवाज बन्द भयो र तिनी पेचिङमा बितिन् । ८५ वर्षको जीवनमा तिनले ६० वर्षसम्म प्रगतिशील पत्रकारितामा आफूलाई समर्पित गरिन् । चार महादेशका ऐतिहासिक घटनाहरू, विभिन्न पुस्तक, लेखहरू र चिट्ठीहरूमा तिनी अझै जीवितै छिन् । तिनले सदा हरेक दु:ख-कष्टलाई सहेर प्रगतिको पक्षमा लडिरहिन् । तिनी आफ्ना अमेरिकी प्रगतिशील पत्रकारहरू र अन्य विदेशी पत्रकारहरूका प्रिय र आदरका पात्र थिइन् ।

*स्रोत : चार अन्तर्राष्ट्रवादी पत्रकार*

# सांस्कृतिक बाजा प्रतियोगिताको लागि तयारी सुरु




भक्तपुर, ८ मङ्सिर। भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको आतिथ्यमा सांस्कृतिक गुरुहरूको भेला सोमबार सम्पन्न भयो।

नगरपालिकाको सभाकक्षमा भएको उक्त कार्यक्रममा उपप्रमुख जोशीले भक्तपुर नगरको पहिचानको रूपमा रहेको मौलिक बाजाहरूको संरक्षण र जीवन्तता दिने उद्देश्यअनुसार नेपाल मजदुर किसान पार्टीको निर्वाचन घोषणापत्रअनुसार नै हरेक वर्ष सांस्कृतिक बाजाहरूको प्रतियोगिता गर्दै आएको बताउनुभयो।

उहाँले भन्नुभयो, “हाम्रो मौलिक बाजा, जात्रा, संस्कार, संस्कृतिप्रति नयाँ पुस्तालाई आकर्षित गर्न भनपा निरन्तर लागिरहनेछ, यस कार्यमा भक्तपुरवासीको साथ र सहयोग हुने अपेक्षा गर्दछु।”

भनपाले शिक्षा, स्वास्थ्य, सरसफाइका साथै सम्पदा संरक्षणलगायत समग्र क्षेत्रको विकास गर्दै नमुना नगर बनाउने उद्देश्यसहित कार्य गरिरहेको उहाँले उल्लेख गर्नुभयो।

भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले नयाँ पुस्तालाई बाजाप्रति उत्साहित गर्न र पुस्तान्तरण गर्न बाजा प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

वडाध्यक्ष कवांले भन्नुभयो, “आफूसँगसँगै अरूलाई पनि बाजा सिक्न उत्प्रेरित गर्न सके अझ राम्रो हुनेछ। भनपाले लोपोन्मुख बाजाहरूको संरक्षण र संवर्द्धन गर्न समयसापेक्ष रूपमा छलफल गरी आर्थिक र भौतिक सहयोग गर्दै आइरहेको छ।”

वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले विगतका वर्षहरू धाँ, बाँसुरी, धिमे, गुँलाबाजालगायतका बाजा प्रतियोगिता भनपाको आयोजनामा भइसकेको र यस वर्ष नयाँ बाजाको प्रतियोगिताको तयारी गर्न छलफल आयोजना गरिएको बताउनुभयो।

कार्यक्रममा उपस्थित सांस्कृतिक गुरुहरूले नगरपालिकाले बाजा प्रतियोगिता गरिरहनु सराहनीय भएको र विगतमा वर्षमा नगरिएको लालाखीं, नौ बाजा, दाफा भजनको प्रतियोगिता गर्न सकिने सुझाव दिनुभयो।

उहाँहरूले मौलिक बाजाका बोल र गीतलाई लिपिबद्ध गरी सुरक्षित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

***जुम्ला...***

नेमकिपाका केन्द्रीय सदस्य एवम् कर्णाली प्रदेश संयोजक सरोज गोसाईले २०४६ सालको आन्दोलनले जनताका केही हक अधिकार प्राप्त गरेको बताउनुभयो। पालिकाको नेतृत्व असल र इमानदार मानिसले गरे जस्तोसुकै काम पनि गर्न सकिने उहाँले बताउनुभयो। देशका युवाहरूलाई रोजगारी व्यवस्था गर्न तीन तहको सरकारले ध्यान दिनुपर्ने उहाँले बताउनुभयो।

नेमकिपा दैलेखका संयोजक जगत ओलीको अध्यक्षतामा भएको भेटघाट कार्यक्रममा सदस्यहरू बिन्दुलाल रेग्मी र हिरामणी न्यौपानेले पनि बोल्नुभएको थियो।

***दलका...***

नेता कार्यकर्ताहरू इमानदारीपूर्वक राजनीतिमा लाग्लान् या नलाग्लान् ? गठित नयाँ दलहरूको मार्ग निर्देशक के हुन्छ ? कुन कुन दलले कुन वर्गका जनताको प्रतिनिधित्व गर्छ ? जनताले बुझ्नु आवश्यक छ।

# उत्तरपश्चिमी पाकिस्तानमा सुरक्षा मुख्यालयमा आत्मघाती आक्रमण, तीन अधिकारीको मृत्यु

पेशावर, २५ नोभेम्बर (एपी)। उत्तरपश्चिमी पाकिस्तानमा सोमबार बिहान दुई आत्मघाती बम हमलाकारीले सुरक्षा बलको प्रान्तीय मुख्यालयमा आक्रमण गर्दा तीन अधिकारीको मृत्यु भएको र पाँच जना घाइते भएको प्रहरी तथा उद्धार अधिकारीहरूले बताएका छन्।

अफगानिस्तानसँग जोडिएको खैबर पख्तुनख्वा प्रान्तको राजधानी पेशावरस्थित फेडरल कन्स्टेबुलरी मुख्यालयमा भएको उक्त आक्रमणबारे सहरका प्रहरी प्रमुख सइद अहमदले पुष्टि गर्दै भन्नुभयो, “एक आक्रमणकारीले मुख्य गेटमै आफ्नो विस्फोटक विस्फोट गरायो भने दोस्रो बम हमलाकारीलाई पार्किङ क्षेत्रनजिकै हाम्रो सुरक्षाकर्मीहरूले गोली हानी घटनास्थलमै नियन्त्रणमा लिए।”

उहाँका अनुसार आक्रमणको समयमा मुख्यालयभित्र बिहानको परेड अभ्यास भइरहेको थियो, जसमा ठूलो सङ्ख्यामा सुरक्षाकर्मीहरू खुला मैदानमा उपस्थित थिए। “आतङ्ककारीहरू पैदलै प्रवेश गर्ने प्रयासमा थिए तर परेड मैदानसम्म पुग्न सकेनन्। सुरक्षाकर्मीहरूको समयमै प्रतिक्रिया नभएको भए क्षति अझ भयावह हुने थियो,” अहमदले एसोसिएटेड प्रेससँग भन्नुभयो।

यस आक्रमणको जिम्मेवारी कुनै पनि समूहले हालसम्म नलिए पनि पाकिस्तानमा सक्रिय पाकिस्तानी तालिबान (तेहरीक-ए-तालिबान पाकिस्तान-टिटिपी) यस्ता आक्रमणहरूमा प्राय: संलग्न रहँदै आएको इतिहास छ। टिटिपी औपचारिक रूपमा छुट्टै समूह भए पनि अफगानिस्तानमा सत्तासीन तालिबानसँग वैचारिक तथा रणनीतिक निकटता राख्दै आएको बताइन्छ।

यो ताजा आक्रमण पाकिस्तानको राजधानी इस्लामाबादमा अदालत बाहिर भएको आत्मघाती विस्फोट भएको दुई हप्ताभन्दा कम समयमै दोहोरिएको घटना हो। उक्त विस्फोटमा एक बम हमलाकारीले प्रहरी कारनजिकै विस्फोट गराउँदा १२ जनाको मृत्यु भएको थियो। निरन्तर भइरहेका यस्ता आक्रमणले पाकिस्तान र अफगान तालिबान सरकारबिचको सम्बन्धलाई थप तनावपूर्ण बनाइरहेको विश्लेषणहरू देखिन्छन्।

पाकिस्तानी सरकारका अनुसार टिटिपीका लडाकूहरू सन् २०२१ मा तालिबानले अफगानिस्तान कब्जा गरेपछि अफगान भूमि प्रयोग गर्दै पाकिस्तानभित्र सहज रूपमा आक्रमण सञ्चालन गरिरहेका छन्। काबुलले भने यस्तो आरोप अस्वीकार गर्दै आएको छ।

तर, काबुलमा अक्टोबर ९ मा भएको ड्रोन हमलालाई लिएर अफगानिस्तानले पाकिस्तानलाई दोषारोपण गर्दै बदला लिने चेतावनी दिएपछि दुई देशबिचको विवाद झन् गहिरिएको थियो। कतारको मध्यस्थतामा अक्टोबर १९ मा युद्धविराम भए पनि त्यसअघि भएको भिडन्तमा सैनिक, नागरिक र उग्रवादीसहित धेरैको ज्यान गएको थियो।

युद्धविरामपछि दुई चरणमा इस्तानबुलमा वार्ता भए पनि अफगानिस्तानले टिटिपीलाई पाकिस्तानभित्र आक्रमणका लागि आफ्नो भूमि प्रयोग गर्न नदिने लिखित प्रतिबद्धता दिन अस्वीकार गर्दा वार्ता निष्कर्षविहीन भएको बताइन्छ।

यसैबिच, पाकिस्तानले पछिल्ला हप्ताहरूमा टिटिपीविरुद्ध कारबाही तीव्र बनाएको छ र अफगानिस्तानको सीमा क्षेत्रनजिकै भएका सैन्य अभियानहरूमा दर्जनौं विद्रोही मारिएको सुरक्षा स्रोतहरूले बताएका छन्।

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं।

### असोज मसान्तसम्मको वित्तीय विवरण

| | |
|---|---|
| शेयर पुँजी | २५,७७,१७,९००।- |
| जगेडा कोष | २७,५८,८८,२३९।- |
| विभिन्न कोषहरू | १,०८,३९,२०६।- |
| कुल संस्थागत पुँजी | २७,५८,८८,२३९।- |
| कुल बचत रकम | २,७३,५६,६३,३८३।- |
| तरलता (मापदण्डबमोजिम) | ४७,३२,३६,१०६।- |
| तरल लगानी (बैङ्क तथा वित्तीय संस्थाहरू) | १,१३,००,००,०००।- |
| ऋण लगानी | १,८६,३३,५७,३५३।- |
| कुल सम्पत्ति | ३,३८,७५,७०,४७०।- |
| शेयर सदस्य सङ्ख्या | १७४४८ |
| ऋणी सदस्य सङ्ख्या | १५०१ |
| तरलता (प्रतिशत) | १७.३०% |

### गतिविधि






युवा उपसमितिको आयोजनामा सम्पन्न ६ महिने पछिमा बाजा तालिमको समापन कार्यक्रममा मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा र कार्यक्रम पश्चात्को सामूहिक फोटो।

‘सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश’
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

## हार्दिक समवेदना



जन्म
२००७/०८/०९

निधन
२०८२/०७/२८

हाम्रा आत्मीय मित्र शिवप्रसाद त्यातकी पूजनीय आमा **रत्नबेटी त्यात**को दु:खद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**साथीहरू**

रेणबहादुर बासुकला, केशव शिल्पकार, किरण खागी, सजल श्रेष्ठ
कृष्णराम गैडा, न्हुछेभक्त कोजु, करण कोजु
लक्ष्मण ग्वाछा, लक्ष्मीप्रसाद फेलु, मदन मधिकर्मी, सागर कोजु

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

### युवा उद्यमशीलता प्रवर्द्धन ऋणसम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०९ गते**

आ.व २०८२/०८३ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका १६ देखि ४५ वर्षसम्मका बेरोजगार एवम् आर्थिक रूपले कमजोर तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ अनुसार युवाहरूलाई युवा उद्यमशिलता प्रवर्द्धन ऋण प्रदान गर्ने भएकोले युवा उद्यमशिलता प्रवर्द्धन ऋण लिन चाहने नगरवासीहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र देहायका कागजातसहित भक्तपुर नगरपालिकाको प्रशासन शाखामा कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. तोकिएको ढाँचामा निवेदन,
२. सम्बन्धित वडा कार्यालयको युवा उद्यमशिलता प्रवर्द्धन ऋणको लागि सिफारिस पत्र,
३. निवेदकको र अभिभावकको नागरिकता प्रतिलिपि,
४. परिवारका सदस्यहरूमध्ये सम्भव भएसम्म दुई जनाको सहमति पत्र
५. सम्बन्धित व्यवसायको व्यवसायिक परियोजना प्रस्ताव
६. भ.न.पा.मा व्यवसाय दर्ता गरेको प्रमाण पत्र

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा